मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २४८ | २०८० साल साउन ०३ गते बुधबार | Wednesday 19, July 2023 | सूर्योदयः बिहान ५:२२ बजे | सूर्यास्तः साँझ ७:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशमा बलियो बन्दै एमाले






*प्रतिटोल १५ संगठित सदस्य रहने गरी मधेश प्रदेशका १ हजार २ सय वडामा १ लाख ८० हजार सक्रिय सदस्य बनाइने योजनासँगै २०८४ को निर्वाचनमा मधेश प्रदेशसहित मुलुकमै पहिलो र एकल बहुमतीय पार्टीको रुपमा एमाले स्थापित गराउनेछौँ ।*

***योगेश भट्टराई***

*केन्द्रीय सचिव एवम् इन्चार्ज, एमाले मधेश प्रदेश*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा मधेश प्रदेशमा पहिलो पार्टी बनेको थियो नेकपा एमाले । तर पछिल्लो चरणमा पार्टी विभाजन, नेताहरुबीच देखिएको चरम गुटबन्दी तथा नेता कार्यकर्तामा देखिएको असन्तुष्टिका कारण देशव्यापीरुपमा पचास प्रतिशत संख्यामध्ये मधेश प्रदेशमा ३० प्रतिशत कार्यकर्ता घटेको देखिएको तथ्य बाहिर आएको छ ।

एमालेमा कार्यकर्ता घटेको कुरा सार्वजनिक भएपछि नेताहरु भने खण्डनमा शक्ति खर्च गरिरहेका छन् । नेकपा एमालेका सचिव योगेश भट्टराईले मधेश प्रदेशमा एक लाख भन्दा बढी संगठित सदस्य रहेको दाबी गर्छन् । रघुवीर महासेठ। सत्यनारायण मण्डलजस्ता पार्टी अध्यक्ष केपी ओलीका विश्वासपात्र रहेको मधेशमा इन्चार्ज बनाएर पठाइएपछि सचिव भट्टराईको दिनचर्या मधेशको तातोमै बितिरहेको छ ।

पूर्वमन्त्रीसमेत रहेका सचिव भट्टराईका अनुसार एमालेको मधेश प्रदेशमा ८० हजार संगठित सदस्य छन् । थप नयाँ आवेदन भरेका ३५ हजारसहित कुल १ लाख १५ हजार कार्यकर्ता छन् । यसरी हेर्दा एमाले मधेश प्रदेशमा बलियो संगठन रहेको तथ्यांकले देखाएको उनको दाबी छ ।

एमाले संगठन विस्तार तथा सुदृढिकरण अभियानमा लागिरहँदा मधेश प्रदेशमा एमालेको संख्या घटेर ३० प्रतिशत मात्र संगठित सदस्यले पार्टी सदस्यता नवीकरण गरेको र सबैभन्दा कमजोर अवस्था मधेशमै देखिएको समाचारहरु आइरहेका छन् । भट्टराई भन्छन्, 'नियोजितरुपमा हल्ला फैलाइएको हो ।'

उनले मुलुकभर एमालेको ८० प्रतिशत कार्यकर्ताले सदस्यता नवीकरण गरेको बताउँछन् । नयाँ थपिने र नवीकरण हुने क्रम जारी रहेकाले यस किसिमको हल्ला केही मिडियाले बंग्याएर गरेको भट्टराईको दाबी छ ।

## प्रदेश अधिवेशनको तयारी

*संगठन सुदृढिकरण अभियानअन्तर्गत एमाले मधेश प्रदेशले असोज ५ र ६ गते प्रदेश अधिवेशन गर्दैछ । मधेश प्रदेशको महोत्तरी, रौतहट र पर्सा जिल्लालाई प्राथमिकिरण गर्दै असोज मसान्तसम्ममा तीन वटै जिल्लामा जिल्ला अधिवेशन गरिने भएको छ भने अन्य पाँच जिल्लामा पुस मसान्तसम्ममा जिल्ला अधिवेशन गर्ने बताइएको छ । त्यस्तै, चैत मसान्तसम्ममा स्थानीय तह तथा वडा एवम् टोलसम्ममा अधिवेशन गर्ने कार्ययोजना रहेको एमाले मधेश प्रदेशका इन्चार्ज भट्टराईले बताए । उनले मधेश प्रदेशमा प्रतिटोल १५ संगठित सदस्य रहने गरी मधेश प्रदेशको १ हजार २ सय वडामा १ लाख ८० हजार सक्रिय सदस्य रहने बताए । 'आउँदो निर्वाचनमा मधेश प्रदेशसहित मुलुकमै पहिलो र एकल बहुमतीय पार्टीको रुपमा एमाले रहनेछ,' उनले दाबी गरे । उनले २०८४ मा हुने निर्वाचनमा एमाले मुलुक र सात वटै प्रदेशमा समेत पहिलो र एकल बहुमतको पार्टीको रुपमा निर्वाचितसँगै सरकार सञ्चालन गर्ने लक्ष्यअनुसार अघि बढिरहेको बताए ।*

एमाले मधेश प्रदेश इन्चार्जसमेत रहेका भट्टराईले संसदीय निर्वाचनमा मधेश प्रदेशमा एमाले प्रत्यक्षतर्फको निर्वाचनमा पहिलो संगठन रहेको दाबी गर्दै भने, 'संसदीय दलको निर्वाचनमा प्रत्यक्ष तर्फको निर्वाचनमा पहिलो संगठन हो भने समानुपातिकतर्फ एमाले पार्टी दोस्रो स्थानमा रहेकाले एमाले मधेश प्रदेशमा बलियो पार्टी भएको पुष्टि हुन्छ ।'

संगठन सुदृढिकरण अभियान सञ्चालनअघि एमालेको माथिल्लो कमिटीको बैठकबाट देशव्यापीरुपमा पचास प्रतिशत सदस्य घट्नुको कारण खोजिरहँदा पार्टीमा तीव्र गुटबन्दीका कारण यस्तो हल्ला फैलिएको नेकपा एमाले मधेश प्रदेश समितिका सचिव मनोज खड्काको भनाइ छ । मधेश प्रदेशमा केही नेता गुटबन्दीमा लागेका कारण सदस्य संख्या घटेएको जस्तो देखिए पनि सत्यता नरहेको दाबी सचिव खड्काले पनि गरे ।

उनले बाहिर भनिए जस्तो एमालेको अवस्था नरहेको जिकिर गर्दै एमाले मधेशमा कमजोर अवस्थामा नरहेको जिकिर दोहो¥याए । उनले भने,



*एमालेमा नेतापिच्छे गुट रहेका कारण संगठित सदस्यको संख्याबारे भने जस्तो यकिन गर्न कठिनाइ देखिएकै हो, मधेश प्रदेशमा चालीस प्रतिशत कार्यकर्ता देखिएका छन् । एमालेभित्रको गुटबन्दी अन्त्य नहुञ्जेलसम्म संगठित सदस्यताबारे स्पष्टरुपमा भन्न हतार हुनेजस्तो लाग्दछ ।*

***मनोज खड्का***

*सचिव, एमाले मधेश प्रदेश कमिटी*

'एमाले मधेश प्रदेशमा कमजोर छैन, बलियो अवस्थामा फर्कंदै छ, अहिले सदस्यता नवीकरण चलिरहेको छ ।' उनले थपे, 'पार्टीभित्र केही गुटहरु छन्, उनीहरुले गर्दा सदस्यता घटेको जस्तो देखिन्छ, ती सबै संख्यालाई एकै ठाउँमा राखेर हेर्न अहिले बाँकी नै छ ।'

एमालेमा नेतापिच्छे गुट रहेका कारण संगठित सदस्यको संख्याबारे भने जस्तो यकिन गर्न कठिनाइ रहेको देखिन्छ । एमाले मधेश प्रदेश सचिव खड्काले मधेश प्रदेशमा चालीस प्रतिशत कार्यकर्ता देखिएको स्वीकारेका छन् । एमालेभित्रको गुटबन्दी अन्त्य नहुञ्जेलसम्म संगठित सदस्यताबारे स्पष्टरुपमा भन्न हतार हुने उनले बताए ।

# साहको हत्या पत्नीकै योजनामा !



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको देवाही गोनाही नगरपालिका–६, कर्कच कर्मैयामा असार २८ गते राति अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गरेका जगरनाथ साहको हत्या पत्नीकै योजनामा भएको खुलेको छ । यद्यपि प्रहरीले यस विषयमा केही बताएको छैन ।

घरभित्र सुतिरहेका ४० वर्षीय साहलाई धारिलो हतियारले घाँटी रेटेर हत्या गरिएको थियो ।

पतिहत्यापछि विक्षिप्त देखिएकी साहकी पत्नीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रमुख इन्सपेक्टर गोविन्द कुमार साहले घटना राति ११ र १२ बजेको बीचमा भएको बताएका थिए । घटनाबारे पत्नीले नै राति दुई बजेर १५ मिनेटमा थाहा पाएपछि छरछिमेक र प्रहरीमा खबर गरेकी थिइन् ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ओमप्रकाश खनालले घटनाको मसिनोसँग अनुसन्धान गरेका थिए । प्रदेश प्रहरी कार्यालय जनकपुरबाट तालिमप्राप्त कुकुर पनि हत्यारा पत्ता लगाउन झिकाइएको थियो । कुकुरकै सहयोगमा थप अनुसन्धानका लागि साहकी पत्नी चन्दादेवी कानुलाई नियन्त्रणमा लिएको थियो ।

डिएसपी खनालले घटनाको सुक्ष्म अनुसन्धान भइरहेको र केही शंकास्पद गतिविधिका आधारमा पत्नी चन्दादेवीलाई नियन्त्रणमा लिएको पुष्टि गरे । चन्दा इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा छिन् भने घटनामा संलग्नमा उनको संलग्नताको नजिक प्रहरी पुगेको पाइएको छ । घटनामा अरु पनि संलग्न रहेकाले फरार हुने सम्भावना रहेकाले यो घटना बाहिर ल्याएको छैन । तर कानुलाई अदालतमा ज्यान मुद्दासमेत दर्ता भइसकेको स्रोतको दाबी छ ।

# विपद् जोखिम व्यवस्थापनका लागि अनुगमन गर्दै निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभा अन्तर्गतको प्राकृतिक श्रोत तथा वातावरण समितिले वर्षातयाममा हुने गरेको विपद् तथा जोखिमलाई मध्यनजर गर्दै प्रत्येक निर्वाचन क्षेत्रमा अनुगमन तथा निरीक्षण थालेका छन् ।मंगलबार सप्तरीको निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गतका विभिन्न नदी तथा वनजंगलको अनुगनमन तथा निरीक्षण प्राकृतिक श्रोत तथा वातावरण समितिको संयोजक शारदा पहाडी दासको अगुवाईमा स्थलगत निरीक्षण थालिएको हो ।

यस टोलिले सप्तरीको जुरपैनिया, त्रियुगा, खुरहुरिया, टेङ्ग्राहा, पराधार, सुन्दरी, महुलीलगायतका खोला, नदी तथा वन जङ्गलको स्थलगत निरीक्षण गरेको थियो । यस टोलिमा संयोजक पहाडी, राज कुमार लेखी, त्रिभुवन साह, इन्दु साह, नुर नेशाले निरीक्षण गरेका थिए ।

नदी तथा वनजंगलको स्थलगत निरीक्षणपछि सप्तकोशी नगरपालिकाको सभाहलमा जनप्रतिनिधि र सरोकारवालासँग समस्या समाधानको बारेमा अन्तरक्रियासमेत गरेका थिए ।

अन्तरक्रिया कार्यक्रममा संयोजक पहाडीले स्थलगत निरीक्षण तथा अनुगमनका क्रममा देखिएका समस्या समाधानका लागि सरोकारवलालाई पहल गर्ने बताइन् । संयोजक पहाडीले जलस्रोत तथा सिचाई कार्यालयलाई निर्देशनसमेत दिइन् ।नदी, तटीय तथा वन जंगल क्षेत्रमा रहेका वासिन्दाहरुको समस्या समाधान गर्दै आवश्यक रणनीति बनाउने उदेश्य निरीक्षण गरिएको सप्तरी निर्वाचन क्षेत्र नम्बर १ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य लेखीले बताए ।

# नाकामा कडाइपछि वीरगंज बजारमा कारोबार बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
साउन १ गतेदेखि नयाँ आर्थिक वर्ष सुरु भएसँगै वीरगंज भन्सार नाकामा चेकजाँच कडाइ गरिएको छ ।

घरायसी सामानबाहेक व्यापारिक प्रयोजनका लागि वीरगंज रक्सौल नाका पूर्णरुपमा बन्द गरिएको र नाकामा आवतजावतबाहेक व्यापारिक कारोबार नहुने भएको हुँदा सामान्यरुपमा अस्थायी पैठारी मात्रै भइरहेको वीरगंज भन्सार कार्यालयका प्रवक्ता रामचन्द्र शर्मा ढकालले बताए ।

वीरगंज रक्सौल नाकाबाट हुने गरेको आयात निर्यातसहित सम्पूर्ण व्यापारिक कारोबार आइसिपी भन्सार नाकाबाट हुनथालेको छ । वीरगंज रक्सौल नाकामा आवतजावत गर्ने सर्वसाधारण तथा घरायसी सामान लिन गएका गृहिणीले चेकजाँचमा कडाई गरिएको र २–४ हजार रुपैयाँ भन्दा बढीको सामानको भन्सार रसिद काट्न सुरक्षाकर्मीले आग्रह गर्ने गरेका छन् । व्यवहारिकता हेरेर घरायसी सामानका लागि कडाइ नगरिएको भए पनि व्यापारिक प्रयोजनका सामानको आयातमा भने पूर्णरुपमा बन्द गरिएको प्रवक्ता ढकालले बताए ।

साउन १ गतेदेखि पुरानो भन्सार यार्ड हुँदै रक्सौलबाट वीरगंज आउने सर्वसाधारणलाई चेकजाँच गरिने कार्य सुरु भएको बताउँदै प्रवक्ता ढकालले मूलबाटो चौडा बनाउन यार्ड प्रयोग गरिएको जानकारी दिए ।

यसैबीच वीरगंज नाकामा कडाइ गरिएसँगै यसको प्रभाव वीरगंज बजारमा पर्न थालेको छ । सामान्य घरायसी सामानसमेत खरिद गर्न रक्सौल पुग्ने स्थानीय उपभोक्ता सीमानाकामा कडाइपछि वीरगंजमै उपभोग्य सामान खरिद गर्न थालेसँगै यसको प्रभाव बजारमा परेको व्यवसायीहरुले बताए । भन्सार चोरी तस्करी नियन्त्रण गर्न र स्वदेशमै सामान खरिद गरी आन्तरिक राजस्व अभिवृद्धि गर्ने उद्देश्यका साथ वीरगंज नाकामा केही दिनदेखि कडाइ गरिँदै आएको छ । रक्सौलमा सस्तोमा सामान किनमेल गर्न भन्दै दैनिक हजारौँ सर्वसाधारण पुग्ने गरेको र यसको असर वीरगंज बजारलाई परेपछि व्यवसायीकै आग्रहमा नाकामा कडाइ गरिएको बताइएको छ ।

वीरगंज बजारलाई चलायमान बनाउन रात्रीबजारको अवधारणासहित भन्सार प्रशासन, सुरक्षा निकाय, महानगरपालिका र उद्योग वाणिज्यसम्बन्धी संस्थाहरुको सहमतिमा नाकामा कडाइ गरिएको जनाइएको छ । नेपालीमा स्वदेशमै सामान किनमेल गर्ने बानी घटेको भन्दै यो अभियानले त्यसलाई समेत निरुत्साहित गर्ने बताइएको छ ।

## 'व्यापार बढे पो कर बढ्छ'



**अनिल पद्वारी,**
**अध्यक्ष, वीरगंज उद्योग वाणिज्य संघ**

आज (सोमबार) हामी वीरगंज भन्सार कार्यालय गयौँ । खासगरी साउन १ गतेदेखि लागु भएको 'लेबलिङ'बारे अझै क्लियर नभएकाले यो हतारमा भयो कि भन्ने हाम्रो जिज्ञासा हो । केही दिन गृहकार्य गरेर सबैले बुझ्ने गरी लगाउनु उपयुक्त हुने सुझाव दियौँ । एउटै सिस्टम सबैलाई लगाउने कि संशोधन गर्ने भन्ने हो । उसो त हामी सरकारले ल्याएको नियमको विरोध गर्दनौँ । समर्थन गर्न चाहन्छौँ । तर कुन आइटममा र कुन स्टेजमा काम गर्ने भन्ने विषयमा अन्योल छ । यसले हामी उद्योगी व्यवसायीलाई के हित गर्छ भन्ने पनि राज्यले भन्नु पर्छ । कोही आयातकर्ता छन् । कोही होलसेलर छन् । सरकारले भ्याट लगाउँदा

*बाँकी पृष्ठ २ मा*

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!

नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि. मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं।

फारम वितरण :-
मितिः २०८०।०३।२९ देखि २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०४।२४ गते बिहान ८ बजे

कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने

सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ☎०४१–५२८०३२

# यातायातका कर्मचारीमाथि किन ज्यादती ?



**मधेशदृष्टि**
**वीरगंज ।**
यातायात व्यवस्था कार्यालय वीरगंजका सरुवा भएका कर्मचारीमाथि केहीले पछिल्लो एक महिना लगातार ज्यादती गरिरहेको पाइएको छ । मंगलबार साँझ पनि कार्यालयबाट घर जाने क्रममा कर्मचारीलाई मोसो दलेको हल्ला गर्न नीरमसी छरेर अपमान गरिएको छ । मंगलबार वीरगंजको पावर हाउसनजिकै सहायक शाखा अधिकृत रञ्जितकुमार प्रसाद साहमाथि दुव्र्यवहार भएको हो । साह केही समयअघि पनि कार्यालयमै बिचौलियाको दुव्र्यवहारमा परेका थिए । पछिल्लो समय यातायात कार्यालय सुधारको प्रयासमा लागेका कर्मचारीलाई बिचौलियाले नै दुःख दिने गरेको कर्मचारीको दाबी छ । जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी दीपक गिरीले भने, 'आज कर्मचारी साथीहरु प्रहरीमा आउनु भएको थियो, मोसो नै दलेको त होइन होला तर केही न केही दुव्र्यवहार भएको थियो, कपडामा फोहोर नै देखिएको थियो ।' उनले भने, 'पहिला पनि यातायात व्यवस्था कार्यालयमा यस्तै दुव्र्यवहारको घटना भएको थियो, कार्यालयकी बबिता जयसवालले समेत ममाथि दुव्र्यवहार भएको भन्नु भएको थियो, अरु कर्मचारीले पनि असुरक्षा भएको बताएका थिए । घटनामा संलग्नलाई समाते मुद्दा पनि चलाएका हौं, उ धरौटीमा छुटेको छ ।' डिएसपी गिरीले मंगलबारको घटनामा पनि उनीहरुकै संलग्नताको आशंका कर्मचारीबाटै भएको बताए । उनले भने, 'टोली परिचालन भएको छ, कोही समातिएको छैन, खोजी जारी छ, कर्मचारीमाथि भएको दुव्र्यवहारको उजुरी कर्मचारी नै आएर दिनु भएको छ ।' खासमा पछिल्लो समय वीरगंज यातायात पनि अन्य यातायात कार्यालयजस्तै सुधारको प्रयासमा केही कर्मचारी लागेको बताइएको छ । तर केही दलाल र बिचौलियाको कमाइ खाने बाटो बन्द हुने डरले उनीहरुले कर्मचारीमाथि हुलहुज्जत गर्ने, दुःख दिने, दुव्र्यवहार गर्ने गरिरहेको पाइएको छ । यसमाथि दुव्र्यवहारमा परेका कर्मचारी साह सरुवा भएका छन् । उनको काज गौर यातायात कार्यालयमा फिर्ता भएको छ । सरुवा भएर पनि किन वीरगंजमै बसेको, किन हाजिर गरेको भन्दै उनीमाथि आक्रमणको प्रयास भएको हो । बिचौलियाहरुको बदमासी र गुण्डागर्दीले यातायात व्यवस्था कार्यालय सुधार्न लागेका अरु कर्मचारी पनि असुरक्षित भएको महसुस गरेका छन् । सातौं तहको अधिकृत मेकानिकल इन्जिनियर पदमा कार्यरत अमित कुमार दास र सहायक शाखा अधिकृत रञ्जित कुमार प्रसाद साह सरुवा भइसकेका छन् । उनीहरु सरुवा भएको कार्यालय जाने तयारीमा छन् । अमित कुमार दास यातायात पूर्वाधार निर्देशनालय मधेश प्रदेशमा सरुवा भएका छन् । तर दासको उत्प्रेषण परमादेशको मुद्दामा न्यायाधीश राजेशकुमार काफ्लेको इजलासले दुवै पक्षलाई साउन १२ गते छलफलका लागि बोलाएको छ । र, त्यस अवधिसम्म निवेदकलाई हाल बहाल रहेको कार्यालयबाट कानुनको प्रावधानविपरीत सरुवा नगर्नु, नगराउनु भनी अल्पकालीन अन्तरिम आदेश जारी भएको छ । यातायात कार्यालयले भने दास र साह दुवैको सरुवा भएको कार्यालयमा पत्र पठाइसकेको छ । पत्र पठाइसके पनि सरुवा भएको कार्यालयमा नगएर अदालतको बलमा कर्मचारीहरु वीरगंजमै बस्न खोज्नुको नियत के हो ? सरुवा भएको ठाउँमा किन कर्मचारी जान मानिरहेका छैनन् ? कार्यालय प्रमुखले नै पत्र पठाइसकेको बताउँदा उनीहरु किन वीरगंजमै बस्न चाहे ? दुव्र्यवहार परेका कर्मचारीमाथि पनि नैतिक प्रश्न उठेको छ । तर दुव्र्यवहारजस्तो अपराधको सिकार बनाइनु हुन्न ।

# भाइटीकामा टीका लगाउनेबाटै बलात्कार

## विवाह गर्न नमानेपछि बलात्कारको मुद्दामा डाक्टर पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराका डाक्टर आफ्नै प्रेमिकाको उजुरीपछि बलात्कार आरोपका काठमाडौंमा पक्राउ परेका छन् । उता, सप्तरीमा किशोरी बलात्कार आरोपमा ४ जना पक्राउ परेका छन् । पक्राउ परेकामध्ये एकले किशोरीसँग भाइटीकामा टीकासमेत लगाउने गरेको खुलेको छ । विवाह गर्न नमानेपछि प्रेमिकाले बलात्कार आरोपमा उजुरी दिँदा बारा, कोल्हवी नगरपालिकाका ३६ वर्षीय डा. चन्द्र भूषण चौधरी काठमाडौंमा पक्राउ परेका हुन् । प्रेमिकाले बलात्कारको आरोप लगाएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । चौधरीले विवाह गर्ने प्रलोभन देखाएर धोका दिएको आरोप २६ वर्षीया प्रेमिकाको छ । चौधरीले जाहेरवाला युवतीसँग प्रेममा रहेको स्वीकारे । उनले परिवारले विवाह गर्न नमानेका कारण आफू टाढिनु परेको बयान दिएका छन् । परिवारले



विवाहका लागि केटी खोज्न थालेपछि आफूविरुद्ध जाहेरी परेको उनले बताए । चौधरी २०७५ सालमा बंगलादेशबाट एमबिबिएस सकेर नेपाल फर्केका थिए । काठमाडौंको शान्तिनगरमा डेरामा बस्नेक्रममा त्यही घरमा बस्दै आएकी जाहेरवाला युवतीसँग भेट भएको र पछि प्रेम सम्बन्धमा रहेको उनले बयानमा बताए । प्रेम सम्बन्धबारे दुवै परिवारलाई थाहा भए पनि डाक्टरको परिवारले आनाकानी गरेपछि घटना बलात्कारका रुपमा प्रहरीमा पुगेको हो । यता, सप्तरीको कञ्चनरुप–१२ धरमपुरमा १७ वर्षीया किशोरीमाथि सामूहिक बलात्कार गरेको आरोपमा चारजना समातिएका छन् । पीडितको किटानी जाहेरीका आधारमा ४१ वर्षीय कैलाश भनिने टेकराज पोखरेल, २४ वर्षीय सुदीप भुजेल, २२ वर्षीय मनोज विश्वकर्मा र २१ वर्षीय दीपेश सुवेदीलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक दीपककुमार राईले जानकारी दिए । शुक्रबार मध्यराति किशोरीको घरमै पसेर चारैजनाले कैलाशको निर्देशनमा पालैपालो बलात्कार गरेको जाहेरी परेको प्रहरीले जनाएको छ । घटनापछि किशोरीले परिवारलाई सुनाएपछि परिवारले किटानी जाहेरी दिएका थिए । पीडित किशोरीका अनुसार, बलात्कार गर्नेमध्येका एक जनालाई उनले तिहारमा दाजु मानेर टीका लगाउने गरेकी थिइन् र घटनामा यो विषय पनि सम्झाउकी थिइन् । तर पिपासुहरुले उनको पुकारा सुनेनन् ।

# १ करोड ४३ लाखको सामान बढी भेटियो

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले बिलबिजक भन्दा बढीको हार्डवेयर तथा लत्ताकपडासहितको ट्रक र पिकअप नियन्त्रणमा लिएको छ । वीरगंजबाट काठमाडौं जाँदै गरेको अवस्थामा पर्सा प्रहरीले ना५ ख ६९५९ नम्बरको मालबाहक ट्रक र प्रदेश ३–०१–०२२ च ३५५५ नम्बरको पिकअप गाडी नियन्त्रणमा लिएको हो । वीरगंज महानगरपालिका वडा नम्बर १५ गण्डकस्थित सडकखण्डबाट प्रहरीले चेकजाँच गर्दा बिलबिजक शंकास्पद देखिएको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । गिरीका अनुसार १ करोड ४३ लाख ६४ हजार २२ रुपैयाँबराबरको ट्रक, टिपर र लत्ताकपडालाई नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको छ ।

# 'यहाँ त सिसिटिभी पनि चोरिदिन्छन्'

**मधेशदृष्टि**
**वीरगंज ।**
चोरले के मात्र चोर्दैन ? थाहा भएरै पनि हेलचेक्र्याइँ हो या थाहै नभएर अन्जानमा । वीरगंज महानगरपालिका वडा नम्बर ११ मा जडान गरिएको सिसिटिभी चोरी गरेको आरोपमा युवक पक्राउ परेका छन् । उनका साथबाट चोरीको सिसिटिभी पनि फेला परेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ३१ बेल्वा घर भई वडा नम्बर १३ तेजारथ टोलमा डेरा गरी बस्ने २२ वर्षीय आशीष कुमार चौधरीलाई सामुदायिक सेवा केन्द्र मुर्लीले नियन्त्रणमा लिएर प्रहरीलाई जिम्मा लगाएको छ । चौधरीले वडा नम्बर ११ को तिमुर्ति हल पछाडि जडान गरिएको सिसिटिभी क्यामेरा चोरी गरेको पाइएपछि उनको खोजी भइरहेको थियो । खोजी गर्ने क्रममा मंगलबार बिहानै तिमुर्ति हलतिरै घुमिरहेको अवस्थामा बोलाएर सोधपुछ गर्दा चोरी गरेको स्वीकार गरेको सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्र मुर्लीका सचिव कुलनारायण प्रधान दिलीपले जानकारी दिए । उनको डेरामा खानतलासी गर्दा सिसिटिभी क्यामेरा पनि फेला परेपछि आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय श्रीपुरमा बुझाइएको प्रधानले बताए । पक्राउ परेका चौधरीलाई प्रहरी हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# महिला उद्यमीको 'समर फेयर' हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
महिला उद्यमीलाई सशक्तिकरण गर्ने उद्देश्यले वीरगंजमा 'समर फेयर २०२३' गरिने भएको छ । विगत १८ वर्षदेखि महिला उद्यमीलाई प्रतिभा, कौशल र उपलब्धीलाई प्रदर्शन गर्न मञ्च उपलब्ध गराउँदै आएको वुमन्स क्रिएसनले यसपटक साउन ६ गते शनिबार वीरगंजको होटेल लर्ड्स दियालोमा समर फेयर २०२३ गर्न लागिएको अध्यक्ष हेमा अग्रवालले बताइन् । समर फेयरले महिला उद्यमीलाई उनीहरुले उत्पादन गर्ने वस्तु र उपलब्ध गराउने सेवाबारे प्रचार गर्न ठूलो मञ्च दिने अग्रवालले बताइन् । फेयरमार्फत महिला उद्यमीले आफ्नै जस्तो व्यवसाय, सेवामा आबद्ध उद्यमीसँग भेट्नुका साथै नयाँ ग्राहक बनाउने अवसर पनि पाउने जनाइएको छ । फेयरमा ५० स्टल राखिने जनाइएको छ ।




# वर्षभर ७९ महिला हिंसाका घटना

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले पर्सामा बितेको आर्थिक वर्षमा ७९ महिला हिंसाका घटना भएको जानकारी दिएको छ । तथ्यांकअनुसार जबर्जस्ती करणीका ४१, जबर्जस्ती करणी उद्योगका ५, अप्राकृतिक करणीका १, बाल यौनदुव्र्यवहारका चार घटना प्रहरीमा दर्ता भएका थिए । यसैगरी, बहुविवाहसम्बन्धी १३, दाइजोका १, मानवबेचबिखन तथा ओसारपसारका ४ र गर्भपतनसम्बन्धी दुई घटना प्रहरी कार्यालयमा दर्ता भएको पर्साका प्रहरी प्रवक्ता डिएसपी दिपक गिरीले जानकारी दिए । गिरीका अनुसार सबै घटनामा अनुसनधान भइरहेको छ ।

# अलौमा १६ शैयाको अस्पताल बन्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौमा १६ शैयाको अस्पताल निर्माणका लागि भवन शिलान्यास भएको छ । वीरगंज महानगरका मेयर राजेशमान सिंहको विशेष उपस्थितिमा वडाअध्यक्ष सन्जिब बहादुर क्षेत्रीले मंगलबार अस्पतालको शिलान्याश गरेका हुन् । महानगरले स्वास्थ्य क्षेत्र सुधारका लागि काम गरिरहेको भन्दै त्यसैअनुरुप ग्रामीण क्षेत्रमा पर्ने वडा नम्बर १७ अलौ अस्पताल बनाउन लागिएको मेयर सिंहले बताए । ग्रामीण वडामा यसै आर्थिक वर्षदेखि विशेषज्ञसहितको उपचार सेवा दिन सुरु गरिने भन्दै उनले त्यसका लागि चिकित्सक तथा स्वास्थ्यकर्मी भर्ना अन्तिम चरणमा पुगेको बताए ।
वडा नम्बर १७ मा सामान्य सेवा प्रदान गरिरहेको स्वास्थ्य चौकी रहेकोमा यसै वर्षभित्र निर्माण सम्पन्न हुने गरी अस्पताल बनाउने काम सुरु गरिएको हो । १ करोड २० लाख रुपैयाँको लागतमा १ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको वडा अध्यक्ष क्षेत्रीले जानकारी दिए । अस्पतालमा विशेषज्ञ चिकित्सक, नर्ससहितको सुविधासम्पन्न सेवा उपलब्ध हुने उनले बताए ।

# 'व्यापार बढे पो कर बढ्छ'................

हामी विरोधमै थियौँ । पछि स्वीका¥यौँ । भ्याट बिललाई मान्यता दिने भनिएको छ । तर सामान अनुगमनका नाममा अहिले जुन दुःख व्यापारीले पाइरहेका छन् । यसले व्यापार गर्न अरु झन्झट भइरहेको छ । भ्याट बिल र बिल बिजक भएको सामान भन्सारबाट छुटेपछि फेरि बाहिर कतै राजस्व अनुसन्धानले, कतै प्रहरी र सशस्त्र प्रहरीले जुन दुःख दिइरहेको छ, यो वास्तवमै व्यापार व्यवसाय गरिखाऊ भन्ने खालकै छैन ।
एकातिर करको भार थपिएको छ । अर्कातिर 'सुराकी'का नाममा, अनुगमनका नाममा राज्यपक्षबाटै व्यापारीलाई मर्माहत पारिएको छ । भारतमा 'जिएसटी (गभर्नमेन्ट सर्भिस ट्याक्स' बिल भएपछि कुनै झन्झट हुँदैन । तर यहाँ कहाँ कसले रोकेर अनुगमनका नाममा दुःख दिने हो, फेरि राजस्वतिर फर्काउने हो, थाहै हुन्न । भ्याट बिल, प्रज्ञापन पत्र भएपछि अहिले त अनलाइन सिस्टममा बिलिङ हुन्छ । किन बाटोमा यसरी दुःख दिने गरिएको हो ?
एकातिर राज्यको कर उठिरहेको छैन । अर्कातिर व्यापारीलाई झन्झट दिएर अझै गाह्रो बनाउने काम भइरहेको विषय हामीले उठायौँ । ५० प्रतिशतसम्म जरिवाना तिराउने काम भएको छ । यस्तो अव्यवहारिक करले राजस्व बढ्छ भन्नु भ्रम मात्रै हो ।
व्यापार बढे मात्रै कर बढ्ने हो । व्यवसाय नहुने वातावरण बनाउन किन सरकार लागिरहेको छ । बरु सीमामा कडाइ गरे हुन्छ । चोरी निकासी रोक्न सिसिटिभी लगाउन सकिन्छ । यहाँ त कर तिरिरहनेलाई नियम थपेर समस्या पार्ने काम भइरहेको छ । सुविधा दिने काम भएको छैन । व्यापारीलाई १० ठाउँमा 'चोर' बनाउने काम रोकिएन भने हामी सबै व्यापारी आन्दोलित हुन सक्छौँ । भन्सारका गुण्डाहरुको विरुद्ध पनि बोल्नेछौँ । केहीदिनमा पत्रकार सम्मेलन गरेर यी सबै कुरा बाहिर ल्याउने तयारीमा छौँ ।
(मधेशदृष्टिसँगको कुराकानीमा आधारित)
(मंगलबार यसै पृष्ठमा प्रकाशित यो सामग्रीमा हाम्रो असावधानीवश तस्बिर अर्कै परेकाले क्षमायाचनासहित आज पुनः यो सामग्री प्रकाशन गरेका छौँ । अरुको त्रुटी र गल्ती खोतल्ने पत्रकारिता आफैँले पनि आफ्नो भूल र त्रुटी सच्याउनु नै परिपक्क पत्रकारिता हो । आगामी दिनमा यस्तो त्रुटी दोहोरिन नदिने प्रतिवद्धता गर्दछौँ ।–सम्पादक)






देश

# असाधारण शोकदिवस



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'की जीवनसङ्गिनी सीताको निधनको शोकमा सबै राजनीतिक दलका नेता, कार्यकर्ता पुगेका छन् । बालुवाटार पुगेर शोकको घडीमा साथ दिने काम भइरहेको छ ।

स्वयम् प्रधानमन्त्रीले पनि शोकको घडीमा सबैको साथ, संवेदना र सद्भावले आफूहरूलाई पीडाबाट निस्कन मद्दत गरेको बताएका छन् । दाहाल जति पटक प्रधानमन्त्री भए पनि कुनै राजनीतिक चलखेलमा नाम नसुनिएका सीता लामो समय बिरामी परिन् । उपचारक्रममै मृत्यु भयो ।

तर मृत्युपछि भने उनको शोकमा सबै पुगेका छन् । एउटा नेताको पत्नी अशल र पतिको राजनीतिक जीवनमा 'लामो हात' नगर्ने परे देश र जनताले श्रद्धा गर्दारहेछन् भन्ने अहिले प्रधानमन्त्री पत्नीको शोकमा पुगेकाहरुको संख्याले पनि देखाउँछ ।

पत्नी सीताको निधन भएको सातौँ दिनको सन्दर्भ पारेर प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रधानमन्त्री दाहालले सबै पक्षको सहानुभूतिबाट देश र समाजप्रति थप जिम्मेवार हुन प्रेरित गरिरहेको आफूलाई महसुस गरेको बताए । प्रधानमन्त्री दाहालले छोरा र छोरी गुमाउँदाको पीडामा पनि शरीरले साथ दिएसम्म पत्नी सीता दृढतापूर्वक उभिएको स्मरण गरे ।

श्रद्धाञ्जली सभामा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रधानन्यायाधीश हरिकृष्ण कार्की, पूर्वप्रधानमन्त्रीहरू, मन्त्रीगण, सांसद, कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता लगायतको उपस्थिति थियो ।

प्रधानमन्त्री पत्नी सीताको असार २७ गते ६९ वर्षको उमेरमा निधन भएको थियो ।

# बोदे बरसाईनको विद्यालयमा मैथिली पाठयपुस्तक निर्माण गरिदै

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको एक नगरपालिकाले विद्यालयमा मैथिली भाषामा पाठयपुस्तक तयार गरि लागु गर्ने भएको छ । बोदे बर्साइन नगरपालिकाले स्थानीय स्तरको विषयवस्तुलाई समेटेर मैथिली भाषामा पाठ्यपुस्तक निर्माण गरेको छ । नगरपालिकाले शिक्षक निर्देशिका भने नेपाली भाषामा तयार गरेको छ ।

पालिका भित्रका विभिन्न विषय वस्तुलाई विद्यालयमा अध्यापन गराउन स्थानीय तहले पाठ्यक्रम तयार गरेर सोहीअनुसार पाठ्यपुस्तक विद्यालयमा पठनपाठन गराउने तथा तयार पारिएको आधारभूत तहको स्थानीय पाठ्यक्रम स्वीकृतको क्रममा रहेको नगर शिक्षा शाखाले जनाएको छ । एकीकृत पाठ्यक्रममा आधारित कक्षा १ देखि ८ सम्मका पाठ्यक्रम निर्माण गरिएको छ । कक्षा १ देखि ३ सम्म एकीकृत ढाँचामा तयार



गरिएको पाठ्यपुस्तक निर्माण गरेर शैक्षिक सत्र २०८० मा परीक्षणका रूपमा कक्षा १ मा मात्र लागू हुने नगर शिक्षा अधिकृत रामसागर यादवले बताए । उनका अनुसार नगर कार्यपालिकाको बैठकले आधारभूत तहको पाठ्यक्रम स्वीकृत गरेपछि कार्यान्वयनको चरणमा जाने छ । 'पाठ्यपुस्तक निर्माणका लागि भाषा विज्ञ तथा स्रोत शिक्षक एवं पाठ्यक्रम विकास केन्द्रका अनुभवी पाठ्यक्रमविद् तथा जनप्रतिसँग छलफल गरी तयार पारिएको छ, अब यसलाई कार्यान्वयन गरिने छ,' यादवले भने ।

तयार पारिएका पाठ्यक्रममा मैथिली भाषाको आफ्नै तिरुहुत लिपिको विषयवस्तु समेटिएको छ । पाठ्यक्रममा स्थानीय तहमा रहेका सांस्कृतिक पक्ष तथा पर्याप्त मात्रामा मैथिली शब्दार्थ प्रयोग गरिएको छ । स्थानीय आवश्यकता अनुसारको विषयवस्तु भएको हुँदा सिकारुका लागि रोचक विषय हुने विश्वास स्थानीय अधिकारीले गरेका छन् ।बोदे बर्साईन नगरपालिकाको नगर प्रमुख आतेश कुमार सिंह यादवका अनुसार नेपालको संविधानको मौलिक हकअनुसार मातृ भाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

सोहीअनुरूप नगरभित्र रहेका ३० वटै सामुदायिक विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार आधारभूत तहका विद्यालयमा मातृ भाषामा स्थानीय विषयको पाठ्यक्रम लागू गर्ने नगरपालिकाका नगर प्रमुख यादवले जनाएको छ ।

संस्कृति

# 'मत्स्यनारायण मेला' सुरु

**मधेशदृष्टि**
**काठमाडौँ ।**
चन्द्रागिरि नगरपालिका–९ स्थित मत्स्यनारायण मन्दिरमा 'मत्स्यनारायण मेला' सुरु भएको छ । तीन वर्षको अन्तरालमा पर्ने पुरूषोत्तम महिना (मलमास)मा मन्दिरमा मत्स्यनारायणको मेला लाग्ने गर्दछ ।

यो महिनालाई अधिक मास महिना पनि भन्ने गरिन्छ । एक महिनामा दुईवटा औँसी परेको महिनालाई पुरूषोत्तम (मलमास,अधिक) मास भन्ने धार्मिक तथा शास्त्रीय मान्यता रहिआएको छ ।

चन्द्रागिरि–९ का वडाध्यक्ष अच्युत अधिकारीले मंगलबारदेखि सुरु भएको मत्स्यनारायण मेला एक महिनासम्म चल्ने जानकारी दिए । मलमासको अवधिभर मेलामा नेपाल तथा भारतबाट समेत भक्तजन दर्शन गर्न आउने उनको भनाइ थियो ।

# 'सावनको डोला'को रौनक

**रासस**
**दोधारा चाँदनी ।**
कञ्चनपुरका राना समुदायमा सावनको डोलाको रौनक छाएको छ । राना बसोबास गर्ने गाउँमा साउनको सुरुमै सार्वजनिक स्थानमा पिङ राख्ने र खेल्ने चलन छ । यसलाई राना समुदायले 'सावनको डोला' भन्ने गर्दछन् ।

सुदूरपश्चिमका दुई जिल्ला कैलाली र कञ्चनपुरमा मात्रै राना समुदायको बसोबास छ । राना थारू समुदायले साउन महिनामा घर तथा समूहमा पिङ हालेर खेल्ने र सावनका डोला मनाउने परम्परा छ ।यस वर्ष मलामासका कारण भदौ २ गते तीज मनाउने निर्णय गरे पनि त्यसअघि परम्परागत पहिरनमा सजिएका राना महिला आफ्नै पारामा गीत गाउँदै डोला खेल्दै रमाइलो गर्दछन् । यस पर्वलाई खेतीपातीको काम सकिएपछि थकाइ मेटाउने पर्वका रूपमा मनाउने गरिएको राना समुदायका जानकार बताउँछन् ।राना समुदायका महिलाले दाजुभाइ र भतिजाको दीर्घायुका लागि व्रत बसेर तीज मनाउने प्रचलन रहेको राजमती रानाले बताइन् ।

# मुख्यमन्त्री यादवको राजीनामा माग गर्दै जलेश्वरमा प्रदर्शन

मधेशदृष्टि
जलेश्वर ।
अस्पतालमा मेडिकल सुपरिटेन्डेन्टको सरुवाको विषयमा महोत्तरीको जलेश्वरमा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको राजीनामाको माग गरिएको छ ।

प्रादेशिक अस्पताल जलेश्वरमा कार्यरत मेडिकल सुपरिटेन्डेन्ट मनिषा भारद्वाजको सरुवा गरिएको विषयलाई लिएर युवाहरुले मंगलबार अस्पतालका अध्यक्ष मिनु झा र मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव विरुद्ध नाराबाजी गरेका छन् ।

मुख्यमन्त्री यादव र अध्यक्ष झाविरुद्ध विभिन्न नारबाजी गर्दै अस्पताल विकास समितिका अध्यक्ष झाको कक्षमा तालाबन्दी गर्न पुगेका युवाहरुलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिगएका प्रहरी टोलीले तालाबन्दी गर्नबाट रोकेपछि दुबै पक्षबीच घम्साघम्सी भएको थियो ।

युवाहरुले अस्पतालका अध्यक्ष झा, मुख्यमन्त्री यादव र प्रहरी विरुद्ध पनि



विभिन्न नाराबाजी गरेका थिए । प्रहरीले तालाबन्दी गर्नबाट रोकेपछि युवाहरुले अस्पतालको परिसर र मुख्य गेटबाट करीब एक घण्टासम्म नाराबाजी गर्दै प्रदर्शन गरेका थिए ।

युवाहरुले करीब २ साता अघि मात्रै प्रदेश सरकारले जलेश्वर अस्पताललाई १०० बेडको अस्पताल घोषणा गरेको र मेडिकल सुपरिटेन्डेन्टले राम्रो सेवा दिइरहेको अवस्थामा एक्कासी उनको सरुवा गरेपछि अस्पतालमा महिला सम्बन्धी विभिन्न रोगको उपचारमा समस्या भएको आरोप लगाएका छन् । उनीहरुले महिलालाई सुत्केरीको बेला गरिने शल्यक्रिया, अल्ट्रासाउण्ड सेवा र महिला सम्बन्धी सम्पूणर् सेवा प्रभावित बनेको आरोप लगाएका छन् । यस सन्दर्भमा अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट भारद्वाजसँग सोधपुछ गर्दा उहाँले आफू यसअघि जलेश्वर अस्पतालमा काजमा रहेको र अहिले अस्पताल १०० बेडमा स्तरोन्नति भएपछि आफ्नो दरबन्दी जलेश्वर अस्पतालमै कायम गराउन गएको बेला आफूलाई मुख्यमन्त्रीले सरुवा पत्र नै थमाइएको बताए । सचेत युवाहरुको समूहले मेसु भारद्वाजको सरुवा रद्द गरेर उनको दरबन्दी यही कायम गर्नुपर्ने माग गरेका छन् ।

नियती

# सर्पदंशबाट मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
सप्तरीको अग्निसाइर कृष्णासवरण–२ मा सर्पदंशबाट ४० वर्षीया ललितादेवी चौधरीको मृत्यु भएको हो । आफ्नै घरमा सोमबार राति ९ बजे धान राख्ने कोठामाथि कन्तिमा राखेको सुपारी झिक्ने क्रममा सर्पले टोकेर सख्त घाइते ललितादेवीको उपचारक्रममा मृत्यु भएको उनका पति नाथु चौधरीले बताए । सर्पदंश उपचार केन्द्र कल्याणपुरमा उपचारका लागि भर्ना गरिए पनि थप उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएकामा त्यहाँ चिकित्सकहरूले मृत घोषणा गरे ।

# मेयर रिना साह जनताको घरदैलोमा

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालीकाकी मेयर रिना कुमारी साह अहिले जनतालाई सहज र सुविधा प्रदान गर्नका लागि घरदैलोमा ब्यस्त भएकी छन् । नगरक्षेत्र भित्रका आम नागरिकलाई आ आफ्नो सामाजिक सुरक्षा परिचयपत्र समयमै नवीकरण गराउन चेतना जगाउने उद्देश्यले मेयर साह घरदैलोमा ब्यस्त भएकी हुन् ।आर्थिक वर्ष २०८०/८१ का लागि सामाजिक सुरक्षा परिचयपत्र तोकिएकै समयमा नवीकरणका गर्न मेयर मंगलबार साह वडा ४,५ र ६ का जनाताहरुको घरदैलोमा



पुगि आग्रह गरिन् । घरदैलो कार्यक्रममा मौलापुरका उपमेयर गौरीशंकर यादव,प्रमूख प्रशासकीय अधिकृत रामबाबु साह, सम्बन्धित वडाका वडाध्यक्ष हरु, सङ्गै नगरपालिकाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि नेपाल सरकार , गृह मन्त्रालय , राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले २०८० साल भाद्र मसान्तसम्मको समयसिमा तोकेको छ । मौलापुर नगरले उक्त समयावधि भित्र लाभग्राहीहरुले सक्क्ल नागरिकता, बैंक खाता, फोटो सहित सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नु अनुरोध गरेको छ । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वतः लगत कट्टा हुने व्यहोरा विभागले जारिगरेको सूचनामा उल्लेख गरिएको छ ।

यस्तो पनि...

# हाकिम कुर्सीमै मृत



**मधेशदृष्टि**
**बाजुरा ।**
बुढीनन्दा नगरपालिकामा कार्यरत ४८ वर्षीय जयलाल दानी आफ्नै निवासको आँगनमा कुर्सीमै मृत फेला परेका छन् । उनी नगरपालिकाको कृषि शाखाका प्रमुख थिए । दानी बुढीनन्दा नगरपालिका–७ पाण्डुसैनका स्थायी बासिन्दा हुन् । उनी लामो समयदेखि रक्तचापको समस्याबाट पीडित रहेको बताइएको छ ।

# तीन विद्यालयका विद्यार्थीलाई एनसिसी तालीम

सञ्जय मिश्रा
रौतहट ।
रौतहट स्थित बिरदल गण पुरेनवा गौरको सेवा दलको टोलिले तीनवटा बिधालयका सय भन्दा बढी विद्यार्थीलाई (ल्बतष्यलब िऋबमभत ऋयचउक) एनसिसि सयदिने तालीम दिन सुरु गरेको छ । सेवा दलले जिल्ला सदरमुकाम गौरस्थित माबि टिकुलिया, शंकर गुदर माबि समनपुर र प्रहरी बिद्यालय गरुडा जिङडियाका बिद्यार्थीलाई एनसिसी तालीम दिन सुरु गरेको हो ।

तालिमको पहिलो दिन शंकर गुदर माबि समनपुरमा बिरदल गणका प्रमूख सेनानी गंगा बहादुर विष्टले उदघाटन पछि प्रबचन दिएर शुभारम्भ गरेका थिए ।

उक्त अवसरमा वडा अध्यक्ष दीपेन्द्र श्रेष्ठ, समाजसेवि भाग्य नारायण तिवारी, रामापूकार यादव लगायत दर्जनौ स्थानियको सहभागिता रहेको थियो।

रौतहटको तीनवटै बिद्यालय बाट ३६ जनाको दरले कुल १०८ जना विद्यार्थी तालीममा सहभागी भएका छन् ।

अनुसाशीत, बफादार, जवाफदेही, नेतृत्ववान, देशभक्त नागरिक उत्पादन सेवा दलको लक्ष्य हो प्रमुख सेनानी गंगा बहादुर विष्टले भने, 'विपतको समयमा देशलाई आवश्यकता पर्दा दक्ष स्वयमसेवक एवम् कर्मठ यूवा तयार पार्नु तालिमको उद्देश्य हो '। जिल्लाको पूर्वीभेग स्थित बागमती नदी, पश्चिममा लालबकैया नदी र मध्यभागमा तरहस्री तथा झाँझ नदी खोला रहेको छ। वर्षायाममा ती नदीहरूमा आउने बाढी, डुबान, कटानको समय नागरिकहरु ज्यानको जोखिममा परेको समय यस्ता किसिमको तालीम प्राप्त जनशक्ती बाट ठूलो राहत हुनसक्ने गौर नगरपालिकाका मेयर शम्भु साहले विश्वास ब्यक्त गरेका छन् ।

नेपालमा सेवा दलको सुरुवात २०२२ साल कात्तिक ७ गते भएको हो । यूवा जनशक्तिको महत्व तथा आवश्यकतालाई ध्यानमा राखेर युवा वर्गलाई संगठित गर्दै राष्ट विकासको अभियानमा उनीहरूको स्वस्फूर्त सहभागिता जनाउने अवधारण अनुरुप नेपालमा राष्ट्रिय सेवा दल स्थापना गरिएको इतिहास छ ।

# लघुवित्त संस्थाहरुको खारेजी माग राख्दै प्रदर्शन




**मधेशदृष्टि**
**बर्दिबास ।**
लघुवित्त संस्थाहरू खारेजीको माग राख्दै महोत्तरीको बर्दिबास नगरपालिकामा प्रर्दशन गरिएको छ । लघुवित्त संस्था विरुद्धको संघर्ष समितिले मंगलबार बर्दिबासको मुख्य चौकमा ¥याली निकाल्दै लघुवित्त खारेजीको माग गरेका हुन् ।

संघर्ष समितिले आयोजना गरेको रयालीमा मिटरव्याजीलाई कारबाही गरि जाली तमसुक र चेक रद्द गर, सहकारी संस्थाका भ्रष्टहरूलाई कारबाही गरि पिडितलाई न्याय दे, भ्रष्टचारीहरुलाई सर्वस्वहारा गरि उक्त पुँजीद्वारा रोजगारीको व्यवस्था व्यवस्था गर , सामूहिक ऋण मिनाहा गर भन्दै नरावाजी गर्दै प्रर्दशन गरेको थियो ।

**अझै कुनै ढिला भएको छैन**
**त्यसका लागि जो**
**तिमी बन्न सक्थ्यौ ।**

–जर्ज इलिएट

## सम्पादकीय

# गौर हत्याकाण्डको राजनीतिक उत्खनन्

२०६३ चैत ३ गते भएको 'गौर नरसंहार' पछिल्लो पुस्तालाई त जानकारी पनि छैन । उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम र नेकपा माओवादीको एउटै चौरमा भएको कार्यक्रमका क्रममा भएको झडपमा २७ जनाको घटनास्थलमै र उपचारका क्रममा एक जनाको ज्यान गएको घटनामा धेरैजसो माओवादी कार्यकर्ता मारिएका थिए । सर्वसाधारण मारिएका थिए । हेटौँडा औद्योगिक क्षेत्रबाट माओवादीको कार्यक्रममा गएका मकवानपुरका चार मजदुर पनि त्यो दिन उद्योगमा काम गर्न गएपछि फर्किएनन् । परिवार उद्योगमा काम गर्न गएको भनेर विश्वासमा रहे । तर माओवादीले कार्यक्रममा सहभागी देखाउन लगेका उनीहरु पनि आक्रमणमा परे । मरे । यसरी गौर नरसंहारमा मकवानपुरका चार मजदुरको पनि बलिदान भयो । त्यही घटनाका दोषीलाई कारबाही गर्न भन्दै यतिखेर रौतहटमा फेरि संघर्ष समिति बनेको छ । समितिले सोमबार रौतहटका सिडिओ धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापनपत्र बुझाउँदै आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

त्यतिखेर माओवादीका इन्चार्ज थिए प्रभु साह । प्रभु साह अहिले छुट्टै पार्टी गठन गरेर मधेशको वैकल्पिक राजनीतिक शक्तिआर्जनमा लागेका छन् । जसरी त्यतिखेर एमाले र माओवादीका अगाडि मधेशको वैकल्पिक शक्ति बन्ने होडमा थिए उपेन्द्र यादव । उपेन्द्र यादव यतिखेर माओवादी र रौतहटकै नेता माधवकुमार नेपाल सम्मिलित 'समाजवादी मोर्चा'का प्रमुख घटक बनेका छन् । यता, आमजनता पार्टी खोलेर संगठन विस्तारमा लागेका प्रभु साह भनिरहेका छन्, 'समाजवादी मोर्चा' आवश्यक छैन । अर्थात् त्यतिखेरदेखि अहिलेसम्म उपेन्द्र यादव र प्रभु साहको कित्ता अलग छ । दुई नेता सँगै हुनसकेका छैनन् । वैशाख १० गते बारामा भएको उपनिर्वाचनमा जितेका उपेन्द्र यादव मधेश प्रदेशको बारा, पर्सा, रौतहटको राजनीतिमा पनि अभिभावकीय भूमिकामा छन् । उसो त उपराष्ट्रपति, मुख्यमन्त्री उनकै पार्टीको छ । मधेश सरकारको अभिभावक पनि यादव नै हुन् ।

यस्तो बेला रौतहटमा उपेन्द्र यादवको नाम नै तोकेर गौर हत्याकाण्डमा उनलाई कारबाहीको माग भइरहेको छ । यसको मक्सद भित्र के छ, विस्तारै आउला । तर मधेशको राजनीतिमा जुन बाटो अपनाएर यादव अहिले नेपाली राजनीतिको केन्द्रमा मधेशको प्रमुख शक्ति बनेका छन्, त्यसैगरी मधेशका अरु शक्तिले उनलाई पनि 'तारो' बनाएको प्रष्टै छ । यसमा उनै यादवले नै शान्तिपूर्ण ढंगले निकास खोज्न जरुरी छ । यसलाई उचालेर, आक्रोशित पारेर अरु क्षति गराउने काम कसैको पनि हितमा छैन । तर रौतहटमा बलियो बनिरहेको प्रभु साहको प्रभुत्वसँगै उपेन्द्र यादवको जल्दोबल्दो प्रभुत्व भत्काउने राजनीतिक मसाल पक्कै हो । गौर हत्याकाण्डका विषयलाई मसिनोसँग समाधानतिर लैजान र आन्दोलित शक्तिलाई मत्थर पार्दै न्यायको अनुभूति गराउनु यादवकै दायित्व देखिन्छ । प्रहरी, प्रशासनले लाठीचार्ज गरेर जनताको ठाउको फुटाउनु अघि नेताहरुले सोचून्, अब फेरि मधेशमा कुनै अप्रिय र हिंसात्मक घटना नहोस् । जसले मधेशी शक्तिलाई नै हित गर्दैन, अझ बढी उपेन्द्र यादवको बकरार शक्तियात्रालाई ।

# साउने साकाहारप्रति वैज्ञानिक दृष्टिकोण



सञ्जय साह मित्र

> सामान्यतया मंसिर, पुस र माघ महिना चाहिँ मलमास हुँदैन । यसको अर्थ हो बाँकीको महिना मात्र मलमास हुन्छ ।
>
> चन्द्रमासअनुसार हुने मलमासमा दुई महिना बराबर एक महिना हुने गर्दछ । सामान्यतया चन्द्रमासमा दुई पक्ष हुने र दुई पक्षमध्ये पहिलो पक्ष कृष्ण पक्ष हुने गर्दछ । कृष्ण पक्षपछि शुक्ल पक्ष आउँछ । कृष्ण पक्षको पहिलो दिन परेवा तिथि हो भने अन्तिम दिन औँसी हो । यसै गरी शुक्ल पक्षको पहिलो दिन परेवा तिथि हो भने अन्तिम दिन पूर्णिमा हो । कृष्ण पक्षको परेवा तिथिदेखि सुरु भएर शुक्ल पक्षको पूर्णिमाको दिनसम्मको दिनलाई चन्द्रमासअनुसार एक महिना भनिन्छ । सामान्यतया एक महिनामा तीस दिन हुन्छ तर यो निश्चित हुँदैन । चन्द्रमासअनुसार एक वर्षमा तीन सय साठी दिन हुने मान्यता रहेको छ ।

अहिले साउन सुरु भएको छ । हाम्रो समाजले चन्द्रमास र सौर्यमास दुवैलाई मान्ने गर्दछ । चन्द्रमासअनुसार यस वर्ष दुईओटा साउनको एक महिना साउन हुने भएको छ । यसलाई मलमास भनिन्छ । मलमासलाई अधिकमास पनि भनिन्छ । यसैलाई बज्जिका भाषामा दोमास भन्ने चलन छ । चन्द्रमासअनुसार हरेक तीन वर्षमा कुनै एक महिना मलमास हुन्छ । यसको पनि वैज्ञानिक नियम छ ।

सामान्यतया मंसिर, पुस र माघ महिना चाहिँ मलमास हुँदैन । यसको अर्थ हो बाँकीको महिना मात्र मलमास हुन्छ ।

चन्द्रमासअनुसार हुने मलमासमा दुई महिना बराबर एक महिना हुने गर्दछ । सामान्यतया चन्द्रमासमा दुई पक्ष हुने र दुई पक्षमध्ये पहिलो पक्ष कृष्ण पक्ष हुने गर्दछ । कृष्ण पक्षपछि शुक्ल पक्ष आउँछ । कृष्ण पक्षको पहिलो दिन परेवा तिथि हो भने अन्तिम दिन औँसी हो । यसै गरी शुक्ल पक्षको पहिलो दिन परेवा तिथि हो भने अन्तिम दिन पूर्णिमा हो । कृष्ण पक्षको परेवा तिथिदेखि सुरु भएर शुक्ल पक्षको पूर्णिमाको दिनसम्मको दिनलाई चन्द्रमासअनुसार एक महिना भनिन्छ । सामान्यतया एक महिनामा तीस दिन हुन्छ तर यो निश्चित हुँदैन । चन्द्रमासअनुसार एक वर्षमा तीन सय साठी दिन हुने मान्यता रहेको छ । यद्यपि अधिकमासको सबालमा भने केही फरक मान्यता रहेको पाइन्छ ।

अधिकमासको पहिलो दिन पनि परेवा तिथि नै हुन्छ तर अधिकमास अर्थात् मलमासको प्रारम्भ शुक्ल पक्षबाट हुन्छ । अर्थात् मलमास दुई महिनाको हुने हुँदा दुई महिनाको बिचको एक महिना नै मलमास हुन्छ । यसरी हेर्दा जुन महिनामा मलमास परेको हुन्छ, त्यस महिनाको सुरुको पक्ष शुद्ध महिना हुने र त्यसै गरी अन्तिमको पक्ष पनि शुद्ध महिना हुने हुन्छ । यसरी विचार गर्दा सामान्यतया यस वर्षको साउन महिनाको कृष्ण पक्ष शुद्ध साउन समाप्त भएको छ । अहिले अब सुरु शुक्ल पक्ष सुरु भइसकेको छ । शुक्ल पक्ष चाहिँ अधिकमास वा मलमास हो । यसपछि फेरि कृष्ण पक्ष आउँछ, उक्त कृष्ण पक्ष पनि मलमास नै हुन्छ र त्यसपछि आउने शुक्ल पक्ष चाहिँ शुद्ध साउन हुन्छ । यसैले सजिलै के भनिन्छ भने कुनै पनि अधिकमासको सुरुआत शुक्ल पक्षबाट हुन्छ र समापन कृष्ण पक्षको औँसीको दिन हुन्छ । समग्रमा दुई महिनामा हुने पूर्णिमा चाहिँ अधिकमासको समापनका साथै शुद्ध महिनाको समापन हो ।

यस वर्ष साउनमा अधिकमास परेको र वर्तमान अवस्थामा अधिकमास नै चलिरहेको छ । सामान्यतया धेरै मानिस साउनमा माछा, मासु, अन्डा आदि नखाने गरी साकाहारी हुन्छन् । साउनलाई कतिपयले सोझै साकाहारी महिनाको रुपमा मान्दछन् । साउनलाई साकाहारी महिनाको रुपमा मान्नेहरुमध्ये तीन किसिमले साकाहारी मान्ने गरेको देखिएको छ । पहिलो थरि चन्द्रमास अर्थात् तिथिले जहिलेदेखि साउन सुरु हुन्छ तहिलेदेखि साकाहारी हुन्छन् अनि पूर्णिमासम्म साकाहारी रहन्छन् । दोस्रो थरि, जहिलेदेखि साउने संक्रान्ति सुरु हुन्छ अर्थात् साउन एक गतेदेखि साकाहारी साकाहारी हुन्छन् र मसान्तसम्म साकाहारी रहन्छन् । तेस्रो थरि, तिथि वा मितिमध्ये जुन पहिले सुरु हुन्छ, त्यहाँबाट साकाहारी बन्छन् र यी दुवैमध्ये जुन ढिलो समाप्त हुन्छ, त्यस दिनसम्म साकाहारी रहन्छन् । एक अर्काथरि पनि साकाहारी हुन्छन् जो कुनै तीर्थ जान्छन् तब मात्र साकाहारी हुन्छन् । सामान्यतया साउनमा भगवान शिवसित सम्बन्धित कुनै तीर्थ जानुपर्छ भन्ने मान्यता यस समाजमा रहेको छ । यसै कारण साउन महिनाभरि सबैतिर बोलबमको चर्चा अलिक बढी हुन्छ । बोलबमको भेषमा साउन महिनामा मधेश प्रदेशबाट मुख्य गरी बाबाधाम जानेको संख्या बढी हुन्छ । बाबाधाम भन्नु चाहिँ भारतको झारखण्ड प्रान्तको देवघर जिल्लामा रहेको मुख्य तीर्थस्थल हो । अनि जसको घरबाट कोही बाबाधाम जान्छन्, उनको घरपरिवार साकाहारी हुन्छन् । जहिलेसम्म तीर्थाटनबाट फर्किदैनन् तबसम्म साकाहारी रहन्छ घरपरिवार ।

साउनमा त सामान्यतया धार्मिक कारणले मानिस साकाहारी हुने गरेको पाइन्छ तर के यसको कुनै वैज्ञानिक कारण छ ? वा कुनै वैज्ञानिक उपलब्धि छ त ? साउन महिनामा मात्र साकाहारी हुँदा कुनै फाइदा हुन्छ त ? यस विषयमा खासै चर्चा गरिएको पाइएको छैन । यसकारण कतिपयले साउनको साकाहारी जीवनलाई सोझै धार्मिकता वा आस्तिकतासित जोडेर हेर्ने गर्दछन् । कतिपयले चाहिँ यसको वैज्ञानिक महत्व रहेको बताउने गरेका छन् । विज्ञानसम्मत तर्क दिने गरेका छन् र हरेकले यस महिनालाई साकाहार बनाउँदा अन्य धेरै फाइदा हुने बताउने गरेका छन् ।

कतिपयको सोझो तर्क छ – हरेकको शरीरअनुसार खानेकुराको कोटा तोकिएको छ । त्यो निर्धारित कोटाभन्दा बढी व्यक्तिको शरीरले धान्न सक्दैन । त्यसभन्दा बढी हुन गयो भने डाक्टरले रोक लगाइदिन्छन् वा औषधि सेवन गर्दै खानुपर्छ । यस दृष्टिकोणले पनि विचार गर्ने हो भने आत्म नियन्त्रणको लागि वर्षमा एक महिना साकाहारी हुनुपर्छ । यस विषयमा कतिपय सोझै भन्दछन् – हप्तामा एक दिन (फास्टिङको नाममा पनि) र वर्षको एक महिना साकाहारी हुनुपर्छ । यस किसिमको आत्म नियन्त्रणले शरीरलाई धेरै फाइदा पु¥याएको हुन्छ । आखिरमा खाना केका लागि खाने ? शरीरका लागि कि सन्तुष्टिका लागि ? यदि सन्तुष्टिका लागि खाना हो भने जहिले नि खाँदा हुन्छ वा जुन अवस्थामा खाँदा पनि हुन्छ । चिकित्सकले रोक्दारोक्दै पनि खान सकिन्छ तर खाना सन्तुष्टिको लागि हो भन्ने तर्कमा त्यत्तिसम्म सत्यता छ जतिसम्म उसको शरीरले त्यसको विकारलाई पचाइरहेको हुन्छ । शरीरले राम्ररी पचाउन छाडेपछि वा त्यसले विकार उत्पन्न गर्न थालेपछि मानिसलाई समस्या हुन थाल्छ । यसैले कतिपयले आजभोलिको भाषामा सजिलै भन्ने गरेका छन् – यस खानादेखि एलर्जी छ । म खाँदिनँ । यो निकै हदसम्म उही आत्म नियन्त्रणकै प्रयास हो । आजभोजि सहरी जीवनमा पनि धेरै मानिस एलर्जीको नाममा होओस् वा फास्टिङको नाममा होओस्, खाँदै नखाने वा साकाहारी खाने गरी आत्म नियन्त्रण गरिरहेका हुन्छन् ।

जीव विज्ञानको अध्ययन गर्नेहरुले के भन्दछन् भने साउन महिना सामान्यतया वर्षाको समय हो र यो महिनालाई पशु प्रजननको महिना पनि भनिन्छ । यस महिनालाई पशु प्रजननको महिनासँग सम्बन्धित गराएर प्रजनन ऋतुको नाम पनि दिइएको पाइन्छ । यदि यस महिनामा प्रजनन भएका पशु वा पन्छीको मासु खान्छौँ भने हानिकारक हुन्छ अर्थात् गर्भवती जीवको मासु शरीरको लागि निकै हानिकारक सिद्ध हुन सक्छ । यदि हामी गर्भवती जनावरको मासु खान्छौँ भने हाम्रो शरीरको हर्मोन बिग्रिन सक्छ र भविष्यमा थुपै्र रोग लाग्ने आशंका हुन्छ । यसरी विज्ञानले सम्भव भएसम्म साउन महिनामा मांसाहारी भोजनमा सचेत हुनुपर्ने सल्लाह दिएको पाइन्छ ।

पाचन र छालाको स्वास्थ्यको दृष्टिकोणले पनि साउनमा साकाहारी भोजनलाई राम्रो मानिएको छ । साउन महिनामा वर्षा धेरै हुने र तुलनात्मक घाम कम लाग्ने हुन्छ । घाम र मानिसको शरीरको पाचन शक्तिको अन्तरसम्बन्ध रहन्छ । घाम नलाग्दा मानिसको शरीरको मेटाबेलिज्म अर्थात पाचन शक्ति कमजोर बन्ने हुन सक्छ । पाचन शक्ति कमजोर हुँदा मासुलाई पचाउन समस्या उत्पन्न हुन सक्छ । अझ पाचन शक्ति कमजोर हुने मानिसलाई मांसाहारी भोजनले अझ बढी समस्या ल्याउन सक्ने सम्भावना रहन्छ । स्वाभाविक रुपमा माछा, मासुलगायत मांसाहारी भोजनमा तेल र मसाला पनि बढी हुन्छ जसलाई पचाउन अतिरिक्त काम पाचन शक्तिले गर्नुपर्ने हुन्छ । यसर्थ मांसाहारी भोजनबाट सचेत र सतर्क रहनु उचित हुन्छ । साउन महिनामा छालाको संक्रमण बढी हुने सम्भावना रहन्छ । वर्षामा भिज्नु पर्ने तथा घरबाहिर हुँदा वर्षाको समयमा जीउमा पानी पर्दा कपडा पनि चिसो हुने हुन्छ । कपडा चिसो हुँदा छालासित टाँसिन्छ । हिलो, धुलो वा फोहोर वा कपडमा रहेको मयल स्वतः छालाको सम्पर्क आउँछ । छालाको सम्पर्कमा धेरै बेर रहँदा छालामा संक्रमणको सम्भावना बढेर जान्छ । वर्षाको समयमा छालाको संक्रमण तीव्र गतिमा फैलिने डर हुन्छ । यसै गरी यस मौसममा जीवजन्तु पनि चाँडै संक्रमित हुने हुन्छन् र संक्रमित जीवजन्तुको मासुलाई खाँदा छालासम्बन्धी संक्रमणको खतरा अलिक बढी हुन जान्छ । छालासम्बन्धी समस्या हुनेलाई साउन महिनाभर साकाहारी रहनु स्वास्थ्यको दृष्टिकोणले निकै फाइदाजनक हुन्छ ।

कतिपयले मानिसको शरीरको बनावट नै साकाहारी प्रकृतिको रहेको तर्क दिने गरेका छन् । मानिसको आन्द्रा ठूलो हुने र आन्द्रमा मासुजन्य पदार्थ धेरै समय टिक्ने हुँदा पाचन प्रणालीमा ढिलोचाँडो समस्या आउने हुन्छ । पाचन प्रणालीसँग सम्बन्धित पेटको रोगमध्ये मांसाहारी भोजन गर्नेभन्दा साकाहारी भोजन गर्नेको संख्या कम रहेको बताइएको छ । यद्यपि यो वातावरणमा निर्भर रहने कुरा पनि हो । खानाको पनि परिवेश हुने हुँदा साकाहारी र मांसाहारी भोजनको आफ्नो परिवेशले पनि धेरै कुरा निर्धारण गर्ने कुरामा कसैको दुई मत नहोला ।

साकाहारी र मांसाहारी भोजन दुवै व्यक्तिमा निर्भर रहने स्वतन्त्रतासित सम्बन्धित कुरा हुन गएको छ । कोही किन साकाहारी होओस् र कोही किन मांसाहारी होओस् भन्ने मानिसको निजी मान्यतामा निर्भर रहन्छ । यद्यपि कतिपय अवस्थामा चिकित्सकहरुले मांसाहारी भोजन सिफारिश गरेको पाइएको छ । यस विपरीत साकाहारी भोजन गर्नुपर्छ भन्ने अभियान चलाउनेहरु पनि छन् । यस अभियानका समर्थकहरुले मांसाहारी भोजन मानिसका लागि पूर्णतया वर्जित रहेको बताउने गरेका छन् । साकाहारी भोजनलाई मात्र स्वीकार गर्ने विभिन्न धार्मिक समूहहरु यस विचारमा कट्टर देखिएका छन् कि भोजन भनेको साकाहारी नै हुनपर्छ । साकाहारीबाहेकको भोजनमाथि पूर्ण रोक लगाउँदै स्वास्थ्यदेखि जीव हत्यासम्मको तर्कलाई अगाडि सार्ने गरेका हुन्छन् । साकाहारी भोजनका प्रचारकहरुले दिने तर्कहरु यस्ता हुन्छन् – साकाहारी भोजनले उमेर बढाउँछ, कोलेस्ट्रोलको स्तरलाई कम गर्छ, मोटोपना तथा स्ट्रोकको जोखिमलाई कम गर्छ, मधुमेहको खतरालाई पनि कम गर्छ, स्वस्थ छाला रहन्छ, उच्च फाइबर सामग्री प्राप्त हुन्छ, डिप्रेसनलाई पनि क मगर्न सहयोग गर्छ, मेटाबोलिज्ममा सुधार गर्छ, आँखालाई फाइदा गर्छ, मोतियाबिन्दुको विकासको जोखिमलाई कम गर्छ । मांसाहारी भोजनको तुलनामा साकाहारी भोजन सस्तो र सुलभ हुन्छ । यसका समर्थकहरुले यो पनि प्रचार गर्ने गरेका छन् कि साकाहारी भोजनमा पौष्टिक बढी हुन्छ र रोग प्रतिरोधात्मक क्षमता बढाउने क्षमता पनि बढी हुन्छ । साकाहारी भोजन स्वादिष्ट र आनन्ददायी त हुन्छ नै । यसले सबैभन्दा बढी सन्तुष्टि दिन्छ किनभने यो धेरै हदसम्म प्राकृतिक भोजन हुन्छ ।

यसरी साकाहारी र मांसाहारी भोजनको विषयमा अनेक तर्क र बहस भइरहन्छ । साकाहारी र मांसाहारीमा कुन भोजन श्रेष्ठ भन्ने एउटा पक्ष होला तर साउन महिनामा भने धेरै मानिस स्वाभाविक रुपमा साकाहारी भोजनलाई आफ्नो प्राथमिकतामा राख्ने गरेका छन् । मधेशको समाजमा साउनमा साकाहारी हुनु जीवनपद्धतिको एउटा अंगको रुपमा विकास गरिसकेको छ ।

## सम्पादकलाई चिठी

# ५० प्रतिशत राजनीतिक नियुक्ति सहिदका सन्तानलाई देऊ



श्रीमान सम्पादकज्यू,
मधेशदृष्टि पत्रिका

उपरोक्त सम्बन्ध मा यो छ कि एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा नेपालमा वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक उत्पीडनको अन्त्यसहितको नयाँ जनवादी राज्यसत्ता स्थापनाको लागि सञ्चालन भएको महान जनयुद्ध एवम् सोपश्चातको शान्तिपूर्ण सङ्घर्षको क्रममा थुप्रै सपूतहरुले ज्यान गुमाउनु र बेपत्ता हुनुप¥यो । जसको बलिदानको जगमा आज मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भई आम जनसमुदायका लागि उज्ज्वल भविष्यको मार्गनिर्देशन गर्दै समग्र राष्ट्रको शिर उच्च भई गौरवमय भएको जगजाहेर छ । भविष्यको पुस्ताले आफ्नो गौरवमय विगतको स्मरण गर्न सकुन् भन्ने उद्देश्यले नेपालमा भएको महान जनयुद्ध र जनआन्दोलनको क्रममा देश र जनताको पक्षमा बलिदान गर्नुहुने आदरणीय सहिदहरुको गौरवमय स्मृतिलाई स्मरण गर्दै, जनयुद्ध र जनआन्दोलनको क्रममा सहादत प्राप्त गर्नुभएका महान सहिदहरुका परिवारलाई सम्मान, सन्ततिहरुलाई शिक्षा, रोजगारी तथा स्वास्थ्यका अवसरहरू उपलब्ध गराउनु पर्ने महसुस हामी सहिद सन्ततिले गरेका छौँ ।

जनयुद्धको क्रममा बाँच्नेहरु मालिक भएका छन् भने मरेर जानेहरु सालिक भएका छन्, दुःखलाग्दो कुरो के हो भने मरेर जानेहरुमध्ये पनि अधिकांश त सालिक पनि बन्न पाएका छैनन् । जनयुद्धको उपलब्धी कसैको लागि गरिखाने खेत भयो त कसैको लागी मरुभूमिको रेत भयो । जसको कारण आज देशमा परिवर्तन भएको छ, उहाँहरुको परिवार इँट्टाभट्टामा काम गरेर जीवनयापन गरिरहेका छन् । ४०–४५ डिग्री सेल्सियस घाममा साहुमहाजनको खेतमा धान रोपेर ज्यालाको रूपमा ५ पन धान लिने गर्छन् अर्थवा २५० रूपैया लिने गर्छन् । त्यही रूपैयाँले आफ्नो घरपरिवार चलाउनु पर्ने हुन्छ, आफ्ना सन्तानलाई राम्रो शिक्षा दिन सकिरहेको छैन त राम्रो स्वास्थ्य उपचार दिनसकेका छैनन् न त पोषिलो खाना खुवाउन सकेका छन् । यस्ता थुप्रै समस्या सहिद परिवारले झेल्दै आएको हामी गाउँ समाजमा देख्न सक्छौँ तर बाँच्नेहरु अहिले मालिक भएका छन्, पार्टीले राजनीतिक नियुक्ति गर्ने ठाउँमा पनि हुनेखाने परिवारको, पहुँचको आधारमा नियुक्ति गर्ने गर्छ तर निमुखा, गरिब, सहिद परिवारका सन्ततिलाई प्राथमिकतामा राख्दैनन् । सहिद सन्ततिहरु पनि शिक्षित छन्, क्षमतावान छन् तर पनि प्राथमिकता दिइँदैन । जबकि आज एकीकृत नेकपा माओवादी केन्द्र पार्टी जे जति छ हाम्रो अभिभावक वीर योद्धा महान सहिदहरुको बलिदानको कारण हो ।

तर पनि पार्टीले सहिद परिवारलाई बेवास्ता गरी पार्टीको संगठन, मोर्चाहरुमा लागेकालाई मात्र प्राथमिकता दिई राजनीतिक नियुक्ति गर्ने गर्छ । सहिद परिवारका लागि पार्टीले न गरेको होइन, सहिद परिवारका लागि गरेको छ तर जति गर्नु पर्ने थियो त्यति गरेको छैन । पार्टीले यदि सहिदहरुको बलिदानको कदर गर्छन् भने त्यी महान सहिदका सन्तति वा परिवारका सदस्यलाई राजनीतिक नियुक्तिमा ५० प्रतिशत छुट्याई प्राथमिकताका साथ नियुक्ति गरिननु पर्छ भन्ने हामी सहिद सन्ततिको माग हो र यदि यो विषयमा पार्टीका शीर्ष नेताहरुले ध्यान नदिए सहिद परिवार तालाबन्दी गर्न बाध्य हुन्छौँ । कुन बेला कहाँ तालाबन्दी गर्छौं, कुन दिन कुन नेताको घर घेराउ गर्छौँ भन्ने कसैलाई थाहा हुँदैन । जुन बेला पनि हामी यो कदम चाल्न बाध्य हुन्छौँ । त्यसकारण यही चिठ्ठीमार्फत पार्टीका शीर्ष नेताहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।

**– राजु कुमार महतो,**
सहिद सन्तति, रौतहट

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन्, तपाइको को कार्यको उचित मूल्यांकन होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला । अधुरा काम बन्नाले मन हर्षित होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ । परिवारजनको सहयोग पाइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले सावधान रहनुहोला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ । आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला । प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला ।

# दश हजार डलरसहित विदेशी नागरिक पक्राउ




**रासस**
**काठमाडौँ ।**
नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १० हजार डलरसहित एकजना विदेशी नागरिकलाई पक्राउ गरेको छ । विमानस्थल सुरक्षार्थ खटिएको नेपाल प्रहरीको नेपाल एयरलाइन्सको उडानमार्फत काठमाडौँदेखि दुवई जान लागेका लेवनानका नागरिक ४२ वर्षीय एल यमन महमदलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हाते झोला चेकजाँच क्षेत्रमा जाँच गर्ने क्रममा उनले झोलामा लुकाएर लैजान लागेको एक सय रुपैयाँ दरका एक सय थान अमेरिकी डलर फेला पारेपछि पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक पठाइएको छ ।

# उडान 'डिले' भएपछि छानबिन समिति गठन




**रासस**
**काठमाडौँ ।**
मलेसियाको क्वालालम्पुरबाट भैरहवा हुँदै काठमाडौँ आउन तय भएको जहाजको उडान 'डिले' भएको विषयमा नेपाल वायुसेवा निगमले छानबिन समिति गठन गरेको छ । नेपाल एयरलाइन्सको ९एन–एकेडब्लू न्यारोवडी जहाज मंगलबार विहान उडान गर्नुअघि निरीक्षणका क्रममा क्रू अक्सिजन बोतलको प्रेसर कम देखिएपछि उडान रोकिएको निगमले जानकारी दिएको छ । क्वालावम्पुरको स्थानीय समयअनुसार विहान ५ बजे भैरहवा उडानका लागि तय भएको विमानमा प्राविधिक त्रुटी देखिएपछि उडान डिले भएको थियो । प्राविधिक मर्मतपछि स्थानीय तहअनुसार दिउँसो ३ बजे उडान भइसकेको निगमले जानकारी दिएको छ ।

जहाजको क्रू अक्सिजन बोतलको प्रेसर कम भएको र त्यसको जोहो हुन नसक्दा उडान १० घण्टा डिले भएको थियो । के–कस्तो प्राविधिक कारणले यो समस्या आएको हो सोको पत्ता लागाउन र भविष्यमा यस्तो समस्या दोहोरिन नदिन के गर्नुपर्छ भन्नेबारे सुझाव दिन छानबिन समिति गठन गरिएको निगमको भनाइ छ । निगमले उडान ढिलो भएकोमा आगामी दिनमा यस्तो हुन नदिने विश्वास दिलाउँदै यात्रुसँग माफी समेत मागेको छ । निगमले गत जेठ २९ गतेदेखि मलेसियाको क्वालालम्पुर–भैरहवा–काठमाडौँ रुटमा उडान सुरु गरेको हो ।

# महाकाली सिँचाइ तेस्रो चरणः साढे छ सय हेक्टर सिँचाइ गर्न सकिने



रासस
महेन्द्रनगर ।
आयोजना सुरु भएको डेढ दशकपछि महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत साढे छ सय हेक्टरमा सिँचाइ पु¥याउन सकिने भएको छ । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत कञ्चनपुरको महाकाली सिँचाइ आयोजना तेस्रो चरणको २८ किलोमिटर मूल नहर निर्माण भएको छ । महाकाली नदीमा नेपालतर्फ सिँचाइका लागि पानी दिन बनेको मूल नहरको इन्टेक (गेट) परीक्षणदेखि निर्माण भएको मूल नहरमा पानी परीक्षणसमेत भइसकेको आयोजना तेस्रो चरणका सिनियर डिभिजनल इन्जियिनर शम्भु पण्डितले जानकारी दिए । मूल नहर निर्माण भएको क्षेत्रसम्म पानी परीक्षण गरिएको उनले बताए ।

'नेपाल–भारत सीमानाकासम्म महाकाली सन्धिअनुसार भारतले एक हजार दुई सय मिटर मूल नहर बनाएपछि गत वर्ष असारमा पानी परीक्षण समेत गरेको थियो', इन्जिनियर पण्डितले भने 'हामीले पनि अहिलेसम्म बनेको नहर परीक्षण गरेर सकेका छौँ ।' पानी परीक्षणका क्रममा आयोजना कार्यालयले शुक्लाफाँटा नगरपालिकाको सुनबरा नदीमा पानी छाडेको उनले बताए । इन्जिनियर पण्डितका अनुसार हाल निर्माणाधीन २२ वटा शाखा नहरमध्ये दुईवटा शाखा नहर तयार भइसकेका छन् । उनले भने '२० र २१ नं शाखा नहर तयार भएर साढे छ सय हेक्टरमा सिँचाइ पुर्याउन सकिने भएको छ । अब महाकाली नदीबाट नियमित पानी ल्याउने विषयमा पहल गर्नेछौँ ।' कञ्चनपुरको भीमदत्त नगरपालिका–९ ब्रह्मदेव क्षेत्रमा विसं २०६४ देखि सुरु भएको मूल नहर निर्माणको थप काम अगाडि बढाउने प्रक्रिया रहेको आयोजनाले जनाएको छ । आयोजनाको कञ्चनपुरसँगै कैलालीको मालाखेती क्षेत्रको गरी कूल ३३ हजार पाँच सय हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पु¥याउने लक्ष्य छ । यहाँ २२ वटा शाखा नहर निर्माणका लागि रू एक अर्ब बढीको लागतमा काम भइरहेको छ । त्यस्तै, २८ किलोमिटर (शुक्लाफाँटाको फुलेली) देखि ४८ किलोमिटरसम्मको २० किलोमिटर मूल नहर निर्माणको प्रक्रिया सिँचाइ विभाग पुगेको इन्जिनियर पण्डितले बताए ।

# अझै ३० लाखभन्दा बढी मोबाइल एमडीएमएसमा दर्ता हुन बाँकी

**बिबिसी ।**
विदेशबाट ल्याइने मोबाइल फोन दर्ता गर्ने प्रणाली मोबाइल डिभाइस म्यानेजमन्ट सिस्टम (एमडीएमएस) लागु भएको डेढ महिना भइसक्दा अझै ३० लाखदेखि ४० लाख मोबाइल दर्ता हुन नआएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ । 'ग्रे मार्केट' भनिने नियमित व्यापारिक प्रक्रियाभन्दा बाहिरबाट आयात वा खरिद गरिएका त्यस्ता मोबाइल एमडीएमएसमा दर्ता नभएकाले तिनलाई हाल बारम्बार सन्देश पठाएर सजग गराइरहेको प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले बताएका छन् ।

के हुन्छ कारबाही ?
जेठ १५ को बजेट भाषणलगत्तै सरकारले विदेशबाट फर्किएका नेपाली श्रमिकहरूका हकमा आफ्नो मोबाइल र थप एक थान मोबाइल ल्याउन पाउने र तिनको निःशुल्क दर्ता गरिने नियम ल्याएको थियो । अन्य मानिसको हकमा आफूले बोकेको एउटा मोबाइलमात्र त्यसरी ल्याउन पाइने उक्त नियममा उल्लेख छ । 'थप मोबाइल ल्याएमा आईफोनको हकमा १०,००० रुपैयाँ अनि अन्यको हकमा २०० देखि ३००० सम्म राजस्व तिर्नुपर्छ,' खनालले भने । जेठ १५ अगाडि नै 'ग्रे लिस्ट'मा रहेका वा कागजपत्र नभएका मोबाइलको हकमा दर्ता गर्न प्राधिकरणले ताकेता गरिरहेको छ ।

'हाम्रो अनुमानमा त्यस्ता ४० लाख फोन होलान् । कुनै स्मार्टफोनहरूमा दुईवटा आईएमईआई नम्बर होलान् । त्यो कटाउँदा पनि ३० लाखभन्दा धेर फोन दर्ता हुनुपर्ने देखिन्छ,' खनालले भने । तिनलाई बारम्बार दर्ताको अनुरोध गर्दै एसएमएस पठाइरहेको उनले बताए । 'अब सायद अर्को एक महिनापश्चात् हामी कारबाही गर्न थाल्ने छौँ । मोबाइल फोन भनेको व्यक्तिको जनजीवनकै निम्ति अत्यन्त जरुरी चिज भएकाले हामीले एकैपटक कारबाहीमा जान चाहेका छैनौँ । नत्र हामीसँग त्यस्ता मोबाइल रोक्नेसम्मका उपाय छन्,' उनले भने ।





गएको डेढ महिनाको अवधिमा एकदमै कम सङ्ख्यामा मात्र मोबाइल त्यसरी दर्ता भएको रेकर्ड भन्सार विभागसँग छ । राजस्व उठाउने जिम्मा पाएको भन्सार विभागका सूचना अधिकारी पुण्यविक्रम खड्काका अनुसार यो अवधिमा केवल २,३५८ मोबाइल दर्ता गरिएको छ । त्यसबाट एक करोड ४७ लाख रुपैयाँ राजस्व उठेको छ । 'त्यो एकदमै कम सङ्ख्या हो । अहिले हामी कडा कारबाही गर्नेभन्दा सजग गराउनेतर्फ केन्द्रित छौँ,' खनालले भने ।

**कसरी गर्ने दर्ता ?**
नेपालका अधिकृत आयातकर्ताले ल्याएर यहाँको बजारमा बेचेका फोन पहिले नै दर्ता भइसक्छन् र त्यस्ता मोबाइलको हकमा प्रयोगकर्ताले केही गर्नुपर्दैन । चोरीपैठारीबाट आएका वा विदेशबाट आफन्तले ल्याएर दर्ता नगरिएका फोनको हकमा एमडीएमएस प्रणालीमा अनलाइनमार्फत् दर्ता गर्न सकिन्छ । त्यसको प्रक्रिया दूरसञ्चार प्राधिकरणको वेबसाइटमा राखिएको छ । त्यहाँ आफ्नो मोबाइलको आईएमईआई नम्बर एमडीएमएसमा दर्ता भएको छ कि छैन भनेर पनि हेर्न सकिन्छ । यदि नभएको खण्डमा अनलाइन दर्ता प्रक्रिया थाल्नुपर्छ । त्यसका लागि व्यक्तिगत फोनको हकमा राहदानी, विदेश जाँदाको बखत लगाइएको बहिर्गमन छाप र फर्कँदा लगाइएको आगमन छाप देखिने राहदानीका पाना वा बोर्डिङ पाससहित व्यक्तिगत विवरण भर्नुपर्छ । प्रक्रिया पुग्यो भने अनलाइनबाटै त्यसको स्वीकृति मिल्छ । तर यदि उक्त मोबाइल फोन 'ग्रे मार्केट'बाट आएको हो वा फोन किनेको आधिकारिक कागजपत्र छैन भने आवश्यक राजस्व तिरेर दर्ता गर्नुपर्ने हुन्छ । विसं २०७९ भाद्र ३० देखि २०८० जेठ १५ सम्म नेपालमा सञ्चालनमा आएका तर एमडीएमएस प्रणालीमा दर्ता नभएका मोबाइललाई अनलाइनबाटै तोकिएको राजस्व तिरेर दर्ता गर्न सकिने छ । गत वर्ष भाद्र ३० भन्दा पहिले नै सञ्चालनमा आएका मोबाइलहरूको हकमा पनि दर्ता नभएका फोन यसरी नै दर्ता गर्नुपर्ने छ । आयातकर्ताहरूको विशेष जोडमा अनि राजस्व बढाउने उद्देश्यले सरकारले एमडीएमएस प्रणाली लागु गराएको हो ।

# मिटरब्याज सम्बन्धी के छ कानुन ? पीडितहरू किन आक्रोशित ?

बिबिसी ।
महिनौँदेखि मिटरब्याजका कारण पीडित भएकाहरूको आन्दोलनको परिणामस्वरूप संसद्ले पारित गरेको कानुनमा अन्तिम समयमा गरिएका संशोधनले त्यसको मर्ममाथि प्रहार भएको भन्दै पीडितहरूले आक्रोश व्यक्त गरेका छन् ।

राष्ट्रियसभामा उत्पत्ति भएर असार १५ मा पारित भएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकलाई आइतवार प्रतिनिधिसभाले संशोधनसहित पारित गरेको हो । यसले अब सोही विषयसँग सम्बन्धित अध्यादेशलाई प्रतिस्थापन गर्नेछ । संशोधन हुनुभन्दा अगाडिसम्म उक्त विधेयकका पक्षमा उभिएका पीडितहरू त्यसपछि भने आफूहरू खिन्न भएको बताउँछन् ।
'यो समस्या अब समाधान नहुने भयो ।

हाम्रो यत्तो ३३–३४ महिनादेखिको आन्दोलन नै भाँडियो,' मिटरब्याजको ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समितिका प्रवक्ता निर्ग नविनले बताए ।
किन आक्रोशित छन् पीडित ?
कानुनमार्फत् संस्थागत गर्न खोजिएका ३–४ वटा उपलब्धि संशोधनबाट खोसिएको निर्ग नविनको भनाइ छ ।
'अघिल्लो व्यवस्थामा पुराना लिखतहरूलाई साहुमहाजन र ऋणी वडामा गएर प्रमाणित गराउनुपर्ने भन्ने थियो ।

तर अहिले साहुमहाजन एक पक्ष मात्रै गए पनि हुने बनाइएको छ । यसले त साहुमहाजनसँग भएका सबै कागजहरू प्रमाणित हुने भए,' उनले असन्तुष्टि पोख्दै भने । संशोधनबाट ल्याइएका अन्य आपत्तिजनक बुँदा औँल्याउँदै उनले अध्यादेशमा मिटरब्याजीहरूविरुद्ध ७ वर्ष कैद र ७० हजार जरिबानाको सजायले मेलमिलाप गर्न सहयोग गरिरहेकोमा अब नयाँ कानुनमा कसुरको प्रकृतिको आधारमा सजाय र जरिबाना राखिएको बताए ।
'यसअघि साहुमहाजनले अकूत सम्पत्ति कतै लगानी गरेको पाइए स्वतः सम्पत्ति शुद्धिकरणको मामिला आकर्षित हुन्थ्यो । तर अहिले हैसियत हेरेर भन्ने वाक्यांश थपिएको छ जुन अमूर्त छ,' उनले भने ।
'साथै पहिले अनुचित लेनदेन भएको प्रमाणित भए हक



हस्तान्तरण भइसकेका सम्पत्ति समेत पूरै फिर्ता गरिने विषय थियो तर अहिले त्यो हिसाब गरेर मात्र फिर्ता हुने भन्ने पारिएको छ । अब त्यो कसले र कसरी हिसाब निर्धारण गर्छ ? यसले झन् वैमनस्यता बढाउने भयो ।'

उनका अनुसार यी विषय भण्डाफोर गर्ने उद्देश्यले मङ्गलवार पीडितहरूले संसद् घेराउ कार्यक्रम राखेका छन् । चर्को ब्याजका कारण घरखेत नै गुमाउनु परेका पीडा सहित पीडितहरूले महिनौँदेखि आन्दोलन गरिरहेका छन् ।

**जसपा किन सन्तुष्ट ?**
नयाँ प्रस्तावित कानुनमा अनुचित लेनदेन भनेर व्याख्या गरिएको मिटरब्याजी लेनदेनको समस्या खासगरी तराई मधेश क्षेत्रमा विकराल बनेको थियो । यस मामिलामा तराईकेन्द्रित दल जनता समाजवादी पार्टी (जसपा)ले भिन्न धारणा राख्दै आएको थियो ।



संशोधनको लागि विशेष सक्रिय भएको जसपा विधेयकको पछिल्लो स्वरूपबाट सन्तुष्ट बनेको छ । उक्त पार्टीले आफ्ना संशोधनहरू स्वीकार्न सत्तारुढ गठबन्धनमा दबाव दिँदै आएको थियो । 'प्रस्तावना र विभिन्न दफाहरूमा हामीले अघि सारेका संशोधनहरूमध्ये करिब ९९ प्रतिशत जति कानुनमन्त्रीले स्वीकार गर्नुभएको छ,' जसपाका सचेतक प्रदीप यादवले बताए ।

'यो विधेयक जसरी एक पक्षीय ढङ्गले अघि बढिरहेको थियो त्यसलाई संशोधनले सुधारेको छ । न्यायोचित लेनदेन पनि मिटरब्याज हो भन्ने जुन गलत धारणा छ त्यसलाई यसले सम्बोधन गरेको छ,' यादवले भने । 'मधेशमा कैयौँ वर्षदेखि घरसार लेनदेन भइरहेको थियो । सबै त मिटरब्याजी थिएनन् । अब न्यायोचित कारोबारीहरूले राहत पाउनेछन् । उनीहरूको पैसा त्यसै मार्नु त भएन नी !'

संशोधन गरेर पैसा लिने र दिनेमध्ये एक पक्ष मात्रैले पनि लिखत प्रमाणित गराउन सक्ने प्रावधान राखिएको बचाउ गर्दै उनले भने, '६ महिनाभित्र पुराना लिखत वडामा गएर प्रमाणित गराउनुपर्छ नत्र लिखत अमान्य हुन्छन् । यदि कोही ऋणी प्रमाणित गराउन आइदिएन भने अर्को पक्षलाई त मर्का पर्न सक्छ । त्यसैले त्यस्तो अवस्थामा वडाले जाँचबुझ गरेर प्रमाणित गर्न मिल्ने कुरा सकारात्मक हो ।' अनुचित लेनदेनलाई कारबाहीको दायरामा ल्याएपनि न्यायोचित कारोबारलाई 'मार्न नहुने' आफूहरूको धारणा रहेको उनले बताए ।

**नयाँ कानुनका मुख्य व्यवस्था के–के ?**
मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने उक्त विधेयकले मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा लेनदेनका विषय सम्बोधन गरिएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रवक्ता सहसचिव फणीन्द्र गौतमले जानकारी दिएका छन् ।
'यसको मुख्य विशेषता भनेको ५–७ प्रकारका लेनदेनलाई अनुचित लेनदेन भनेर त्यसलाई ठगी सरहको कसुर बनाइएको छ,' उनले भने ।
अनुचित लेनदेनका आधारमा कसैको सम्पत्ति लिएको खाएको रहेछ भन्ने त्यो फिर्ता गर्नु पर्ने विषय पनि यसमा रहेको उनले बताए ।
'समाजमा व्यवहार चलाउन आवश्यक पर्ने उचित लेनदेनलाई अप्ठेरोमा नपार्ने विधेयकमा पक्षहरूबीचको कारोबार र कानुन बमोजिम लिन मिल्ने ब्याज लिएको हकमा यसका दफा आकर्षित नहुने पनि भनिएको छ ।'

**के अब नयाँ कानुन लागु भइहाल्छ ?**
आइतवार प्रतिनिधिसभाले पारित गरेको विधेयक अब सन्देश सहित पुनः राष्ट्रियसभामा पठाइने संसद् सचिवालयका अधिकारीहरूले बताएका छन् । राष्ट्रियसभामा उत्पत्ति भएको विधेयक हुनाले राष्ट्रियसभाकै अध्यक्षले त्यसमा हस्ताक्षर गरेर राष्ट्रपतिले प्रमाणीकरण गरेपछि उक्त विधेयक लागु हुने नियम छ । तर प्रतिनिधिसभाले केही संशोधन पनि स्वीकारेको हुनाले त्यसको हकमा राष्ट्रियसभामा 'विचार गरियोस्' भन्ने प्रस्ताव आउनसक्ने अधिकारीहरूले बताएका छन् । तथापि यदि सरासर अघि बढ्यो भने चाहिँ यो विधेयक प्रमाणीकरण हुनासाथ लागु हुने बताइन्छ ।
'यसमा आफैँ थुप्रै कार्यविधिका विषयहरू समेटिएकाले लागु गर्न थप नियम आवश्यक पर्दैन,' सहसचिव फणीन्द्र गौतमले बताए ।

उनका अनुसार यस्ता कारोबार अनुचित लेनदेनमा दरिने छन्ः
– लेनदेन नगरेको वा नभएको रकम दिएको लिएको भनी लिखत तयार गरेमा
– लेनदेन भएको वास्तविक रकमभन्दा बढीको लिखत तयार गरेमा
– लेनदेन गर्दाकै बखत ब्याज रकमसमेत साँवामा जोडेर लिखत तयार गरेमा
– ब्याजलाई साँवामा जोडेर नयाँ लिखत तयार गरेमा
– ऋणीले तिरेको बुझाएको रकम भर्पाइ गरिनदिएमा वा त्यस्तो लिखत नबनाएमा
– ऋणको साँवाभन्दा बढी ब्याज लिएमा
– ऋण असुलीको निम्ति धाकधम्की, हिंसा वा शोषण प्रयोग गरेमा
– अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरेमा

# औषधी अभावमा क्यान्सरपीडित जोखिममा



**सिन्ह्वा**
**गाजा ।**
अत्यावश्यक औषधिको अभावमा गाजा क्षेत्रका नौ हजार क्यान्सरपीडित सर्वसाधारणको जीवन जोखिममा परेको प्यालेष्टाइनका एक जना वरिष्ठ स्वास्थ्य अधिकारीले बताएका छन् ।

गाजा पट्टीमा क्यान्सर रोगीहरू निदान र उपचारको अभावबाट पीडित भएका तथा त्यहाँको जनसङ्ख्यामा क्यान्सर रोगीहरूको सङ्ख्या बढ्दै गएको गाजा क्यान्सर केन्द्रका महानिर्देशक सुभी स्काइकले बताएका छन् ।

महानिर्देशक स्काइकले विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कलाई उद्धृत गर्दै ट्युमरको उच्च दरबारे जानकारी दिँदै सन् २०२१ मा गाजामा प्रति एक लाखमा ९० प्रतिशतभन्दा बढी क्यान्सरबाट पीडित भएका बताए ।

पत्रकारसँगको कुराकानीमा उनले यो सङ्ख्या सन् २०४० सम्ममा दोब्बरले बढ्ने अनुमान गरिएको बताए । गाजामा हाल क्यान्सर मृत्यु दर १२.५ प्रतिशत छ ।

गाजाका बिरामीलाई रोगको निदानको लागि रेडियोथेरापी र आणविक औषधिमा पहुँच छैन । इजरायलको यात्रा प्रतिबन्धले उनीहरू वेस्ट बैंक वा पूर्वी जेरुसेलममा उपचार गराउन बाध्य छन् ।

स्वास्थ्य अधिकारीले गाजा क्षेत्रका क्यान्सर बिरामीको जीवन बचाउन अन्तरराष्ट्रिय समुदाय र सम्बन्धित अधिकारीलाई तत्काल हस्तक्षेप गर्न आग्रह गरेका छन् । सन् २००७ मा इस्लामिक प्रतिरोध आन्दोलन (हमास)ले गाजाको तटीय क्षेत्र कब्जामा लिएपछि त्यहाँ बसोबास गर्ने करिब २० लाख प्यालेस्टिनी इजरायली नाकाबन्दीको पीडामा बाँचेका छन् ।

# कोरियामा भीषण बाढी पचास जनाको मृत्यु



**सिन्ह्वा**
**सोल ।**
दक्षिण कोरियामा गत साताको भारी वर्षा र बाढीका कारण ५० जनाको मृत्यु भएको छ भने अन्य सात जना बेपत्ता भएका छन् । मंगलबार बिहान डुबेको बसबाट त्यसका चालकसहित चार जनाको शव निकालिएको थियो । सरकारी अधिकारीका अनुसार उत्तरी ग्याङसङ प्रान्तमा २१ र मध्यचुङचेङ प्रान्तमा १९ जनाको मृत्यु भएको हो । ग्याङसङ प्रान्तमा चौतीस जना घाइते भएका छन् ।

देशभरका बाढीपहिरामा परी देशभर ५० जनाले ज्यान गुमाएका योनहाप समाचार समितिले जनाएको छ । पछिल्ला दिनमा लगातार परेको वर्षाले देशभरका अधिकांश भू–भाग डुबानमा परेका छन् । आपत्कालीन सेवाका अधिकारीले देशका अन्य भागमा अन्य सात जनाले ज्यान गुमाएका बताएका छन् । गत साता पाँच सय मिलिमिटरभन्दा बढी वर्षा भएको अभिलेख गरिएका प्रदेशमा भारी वर्षाको चेतावनी जारी गरिएको थियो । जुलाई ९ देखि मध्य र तल्लो क्षेत्रमा पाँच सय मिलिमिटर भन्दा बढी वर्षा भएको छ । गोन्जु र दक्षिण चुङचेओङ प्रान्तमँ छ सइ २६ मिलिमिटर, छेउङयाङ नजिकैको काउन्टीमा छ सय १४ मिलिमिटर, सेजोङको मध्य शहरमा पाँच सय ८० मिलिमिटर र उत्तरको मुङ्योङ र ग्योङसाङ प्रान्तमा पाँच सय २२ मिलीमिटर वर्षा भएको थियो । उत्तरी ग्योङसाङ प्रान्तमा सात जना बेपत्ता छन् । बाढीका कारण घर भत्किँदा र पहिरोमा परेर मुलुकभर ज्यान गुमाउनेको सङ्ख्या बढेको छ । मध्य शहर ओसोङमा बाढीले बगाएको भूमिगत सुरुङमा फसेका सवारीसाधनबाट आइतबार राति सातवटा शव निकालिएको थियो । अविरल वर्षाबाट प्रभावित १३ वटा शहरका दश हजार पाँच सय ७० जनालाई विस्थापित भएका छन् । सार्वजनिक सुविधाहरूको क्षतिको सङ्ख्या सात सय ८९ पुगेको छ भने निजी सम्पत्तिको पनि व्यापक नोक्सानी भएको छ ।

तीन सय ५२ वटा निजी सम्पत्तिमा बाढीले क्षति भएको, एक सय ४६ वटा सडक भत्किएका तथा एक सय ३९ घर बगेका योनहाप समाचार समितिले जनाएको छ । एघार हजारभन्दा बढी बाढीपीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

# महिला फुटबल टिमलाई युनिलिभरको प्रायोजन

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली राष्ट्रिय महिला फुटबल टिमलाई युनिलिभर नेपालले प्रायोजन गरेको छ । अखिल नेपाल फुटबल संघ एन्फाले मंगलबार युनिलिभरसँग प्रायोजनसम्बन्धी सम्झौता गरेको छ । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बुको उपस्थितिमा एन्फा अध्यक्ष पंकजबिक्रम नेम्वाङ र युनिलिभर नेपालमा म्यानेजिङ डिरेक्टर आमलाल मुखर्जीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार युनिलिभरले नेपाली महिला टिमलाई वर्षमा २५ लाख रुपैयाँ दिनेछ ।

युवा तथा खेलकुद मन्त्री लिम्बुले नेपाली महिला फुटबल खेलको विकासका लागि युनिलिभरको प्रायोजन महत्वपूर्ण भएको बताए । नेपाली महिला टोलीले देशको नाम अन्तर्राष्ट्रिय स्तरमा चिनाउन कडा मिहिनेत गरेको भन्दै मन्त्री लिम्बुले प्रशंसा गरे । नेपाली खेलाडीले सीमित स्रोत साधनको बाबजुद पनि राम्रो प्रदर्शन गरेको उनले बताए ।

राष्ट्रिय महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्बाप्पो सुब्बाले यस सम्झौताले महिला सशक्तिकरणमा सहयोग गर्ने र भविष्यमा फुटबल खेल्न चाहने महिला खेलाडीलाई हौसला दिने बताइन् ।

एन्फा अध्यक्ष नेम्वाङले सम्झौतालाई ऐतिहासिक भन्दै पुरुषसँगै महिला फुटबलको विकासमा पनि एन्फाले सक्दो काम गर्ने बताए । 'एन्फाले महिला र पुरुष फुटबल टिमलाई समान सुविधा (मासिक रकम) प्रदान गर्दै आएका छौं', उनले भने । नेम्वाङले महिला फुटबलको विकासमा एन्फाले योजना बनाएर अघि बढेको र मिसन महिला विश्वकप अभियान २०२७÷२०३१ सुरु गरिसकेको बताए । 'यो सम्झौताले नेपाली महिला फुटबलमा नयाँ अध्यायको सुरुवात भएको छ । नेपालको महिला विश्वकप खेल्ने लक्ष्यमा पनि यसले सहयोग गर्नेछ' उनले भने ।

नेपाली महिला टिमले भर्खरै बंगलादेश विरुद्धको दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल सिरिज जितेर स्वदेश फर्किएको छ र आगामी सेप्टेम्बर–अक्टोबरमा चीनमा हुने १९ औं एसियन गेम्सको तयारीमा छ । युनिलिभर नेपालका म्यानेजिङ डिरेक्टर आमलाल मुखर्जीले महिला विश्वकप खेल्ने नेपालको लक्ष्यमा यो सम्झौताले सहयोग पुग्ने बताए ।

# श्रीलङ्का आर्थिक सङ्कटको दलदलबाट उम्किसकेको हो ?

**बिबिसी ।**
झट्ट हेर्दा श्रीलङ्काको राजधानी तथा वित्तीय केन्द्र कोलम्बो सामान्य नै देखिन्छ । सडकमा सवारीसाधनको घुइँचो छ, सार्वजनिक स्थान तथा रेस्टुराँहरू स्थानीयवासी र पर्यटकहरूबाट भरिभराउ छन् र पसलहरूमा पनि चहलपहल देखिन्छ । अहिले यो देशले एक वर्षअघि वैदेशिक मुद्रा अभावका कारण अत्यावश्यक सामग्रीको अभावका कारण ठूलो सास्ती बेहोर्नुपरेको थियो भनेर अनुमान लगाउन पनि गाह्रो पर्छ ।



पोहोर इन्धन किन्ने पैसाको अभावमा सडकहरू खाली थिए भने सार्वजनिक यातायात पनि अवरुद्ध भएको थियो। श्रीलङ्काले कोभिड महामारीका बेला चालिए जस्तै अनलाइन कक्षा र घरबाट काम गर्नुपर्ने प्रबन्ध समेत गरेको थियो। तर यो पनि सहज हुन सकेको थिएन किनभने १३ घण्टासम्म बिजुली जाने अवस्था थियो । खानेकुरा, औषधि र अरू अत्यावश्यक सामाग्रीको अभाव देखिएको थियो । त्यसाट सङ्कट अझ गहिरो बनेको थियो। चर्को गर्मीमा मानिसहरू लामा लाइनमा बस्नुपरेको थियो। त्यसो गर्दा कम्तीमा १६ जनाको ज्यान गएको थियो, तीमध्ये अधिकांश पाका उमेरका मानिस थिए । तर अहिले ठिक एक वर्षपछि खानेकुरा, इन्धन र औषधि उपलब्ध भइरहेको छ । कार्यालय, विद्यालय र उद्योगहरू सबै खुला छन् भने सार्वजनिक यातायात पुनः सञ्चालनमा छ । विशेषगरी महँगा खालका रेस्टुराँमा पनि चहलपहल देखिन्छ ।

आर्थिक अवस्था कस्तो छ ?

कोलम्बोमा एउटा रात्रिकालीन रेस्टुराँ चलाउने चतुर एकनायकले भने, 'पोहरो यतिबेला मैले यो रेस्टुराँ झन्डै बेच्नुपरेको थियो । इन्धनको अभाव थियो अनि ग्राहकहरू पनि नआउने भएकाले हामीले केही दिन बन्द ग¥यौँ । अहिले आगन्तुकहरूको सङ्ख्या झन्डै ७० प्रतिशतले वृद्धि भएको छ ।' श्रीलङ्कामा विदेशी मुद्राको प्रमुख स्रोत पर्यटन हो । अहिले त्यो व्यवसाय तङ्ग्रिन थालेको छ ।

गत र्षको तुलनामा पर्यटनबाट हुने आम्दानी ३० प्रतिशतले बढेको छ । यात्रा तथा अतिथिसत्कारको क्षेत्रमा काम गरिरहेको त्यहाँको एउटा अग्रणी संस्था जेटविङ्स सिम्फोनीका प्रमुख कार्यकारी अधिकृत हिरन कूरे भन्छन्, 'अहिलेको उपलब्धि हाम्रा लागि चमत्कारजस्तै छ। पोहोर हामीलाई देश नै जोगिएला कि नजोगिएला भन्ने थियो ।' तर यी सुखद समाचारका बावजुद श्रीलङ्काको अर्थतन्त्र अझै पनि अप्ठ्यारो स्थितिमा छ ।

देशको आन्तरिक र बाह्य ऋण अझै पनि १०,४९० अर्ब रुपैयाँभन्दा बढी छ । पोहोर सबैभन्दा खराब सङ्कटको समयमा श्रीलङ्का पहिलो पटक वैदेशिक ऋणको किस्ता तिर्न विफल भएको थियो । व्यापक प्रदर्शनका कारण तात्कालिक शासक गोटबाया राजपक्ष राजीनामा दिन बाध्य भएपछि श्रीलङ्कामा रनिल विक्रमसिङ्घ राष्ट्रपति बने । राष्ट्रपति बनेपछि उनले अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) बाट ३८०.३० अर्ब रुपैयाँको आर्थिक उद्धार प्याकेज सुनिश्चित गरे । उक्त प्याकेज अरू माध्यमबाट स्रोत जुटाउन र अभाव सम्बोधन गर्नका लागि पनि महत्त्वपूर्ण बनेको छ। तर उक्त सहयोग आर्थिक र सुशासनका नीतिगत सुधारका कडा सर्तहरूसहित आएको छ । श्रीलङ्काले आईएमएफले भनेअनुसार अहिले स्वदेशी तथा विदेशी दाताको ऋण भुक्तानी गर्ने सर्तहरू परिमार्जन गर्न खोजिरहेको छ ।

सबैभन्दा ठूलो प्राथमिकतामा ३६ अर्ब डलर (४,७२०.९४ अर्ब रुपैयाँको) विदेशी ऋण भुक्तानीको पुनर्संरचना जोडिएको छ । त्यसमा श्रीलङ्काको सबैभन्दा ठूलो दाता चीनको ७ अर्ब डलर (९१७.९६ अर्ब रुपैयाँ) को भुक्तानी पनि पर्छ । तर देशको घरेलु ऋणको पुनर्संरचनाले श्रीलङ्काका मानिसहरूलाई सबैभन्दा बढी प्रभाव पार्ने देखिन्छ ।

घरेलु ऋण देशको कुल ऋणको करिब ५० प्रतिशत छ । हालै श्रीलङ्काको मन्त्रिपरिषद्ले आन्तरिक ऋण पुनर्संरचना प्रस्ताव अनुमोदन गरेको थियो तर कामदारहरूको पेन्शन काट्ने लक्ष्यका कारण त्यसको चर्को आलोचना भइरहेको छ । ब्याङ्कहरू त्यसबाट प्रभावित हुने छैनन्। कोलम्बोमा ती प्रस्तावको विपक्षमा प्रदर्शनहरू समेत भएका छन् । यसले जनजीवन सामान्य बनिसकेको जस्तो देखिएको भए पनि वास्तवमा मानिसहरू अझै पनि सङ्घर्ष गरिरहेको देखाउँछ ।

अझै कस्ता समस्या बाँकी छन् ?

अत्यावश्यक सामाग्रीहरू उपलब्ध छन् तर धेरैको पहुँचमा छैनन् । विभिन्न वस्तुको मूल्य विगतको तुलनामा अकासिएको छ । श्रीलङ्काका आधा नागरिकहरू आफ्नो आम्दानीको झन्डै ७० प्रतिशत खानेकुरामा मात्रै खर्च गर्छन् । खानेकुरा, लत्ताकपडा र घरको मूल्य निरन्तर बढिरहेको छ । त्यसमाथि आयकर बढाएर ३६ प्रतिशतसम्म पु¥याइएको छ भने खाद्यान्नदेखि घरेलु खर्चहरूमा दिइएको अनुदान हटाइएको छ । एउटा क्षेत्र जसमा ठूलो प्रभाव परेको थियो त्यो बिजुलीको शुल्क हो । अनुदान हटाइएपछि त्यो ६५ प्रतिशतसम्म बढेको छ ।

'मध्यम वर्गका कैयौँ परिवारहरू अहिले गरिबीको रेखामुनि ओर्लिएका छन्,' एउटा निजी थिङ्कट्याङ्क भिरिट रिसर्चका वरिष्ठ अर्थविद् मालती नाइटले भनिन् । विश्व ब्याङ्कका अनुसार यो केही समय निरन्तर रहने ठानिएको छ । 'परवारको जीविकोपार्जनसँग सम्बन्धित विभिन्न जोखिमका कारण गरिबी अब केही वर्षसम्म २५ प्रतिशतभन्दा धेरै रहने प्रक्षेपण गरिएको छ,' विश्वब्याङ्कको एउटा प्रतिवेदनमा भनिएको छ । विश्वब्याङ्कले श्रीलङ्कालाई ७० करोड डलर (९१.७९ अर्ब रुपैयाँ ) आर्थिक सहयोग दिएको छ। त्यसमा २० करोड डलर (२६.२२ अर्ब रुपैयाँ) गरिब र जोखिममा परेका व्यक्तिहरूप्रति लक्षित छ ।

पलायनको बाटो रोज्दै युवापुस्ता युवाहरू देश छोड्न व्यग्र छन् । सन् २०२२ मा तीन लाखभन्दा बढी मानिस विदेशिए। श्रीलङ्कामा त्यति ठूलो सङ्ख्यामा मानिसहरू एक वर्षमा त्यसअघि कहिल्यै बाहिरिएका थिएनन्। तीमध्ये धेरै जना चिकित्सक, चिकित्साक्षेत्रका अरू र सूचनाप्रविधिको क्षेत्रमा कार्यरत दक्ष जनशक्ति थिए । 'बौद्धिक पलायन' को मात्राले देशको आर्थिक स्थितिलाई पुरानै अवस्थामा फर्काउने प्रयासमा ठूलो खाडल उत्पन्न गराइदिएको छ । विभिन्न व्यापार व्यवसायले सङ्कटबाट मुक्त हुने प्रयास गरेका छन् तर तिनले दक्ष जनशक्तिको अभाव खेप्नुपरेको छ । 'मैले विज्ञापन गरिरहेको छु तर दक्ष शेफ पाउन सकिरहेको छैन । पोहोर मेरो भान्सामा १४ शेफ थिए, तर अहिले म दुई जनाबाट मात्र काम चलाइरहेको छु ।'

'अझ लगानी गरेर व्यापार विस्तार गर्न चाहेँ भने पनि अहिले म त्यसो गर्नै सक्दिनँ,' एकनायकले बीबीसीसँग भने । श्रीलङ्काको पूर्वाधारको गुणस्तर, निःशुल्क स्वास्थ्य र शिक्षा प्रणाली र उच्च तहको सामाजिक विकास सबैको प्रशंसा गर्ने गरिएको छ । तर कुनै बेला आर्थिक रूपमा सफल र दक्षिण एशियामा नै उच्च औसत आय भएको भनेर प्रशंसा गरिएको देशको यो नाटकीय पतन हो । उसो भए परिस्थिति कसरी बिग्रियो त ? सरकारले पर्यटन क्षेत्रलाई कोभिड महामारीले तहसनहस बनाएपछि यस्तो परिस्थिति उत्पन्न भएको जनाएको छ । कोभिड एउटा कारण भए पनि खराब आर्थिक नीतिहरू बढी जिम्मेवार रहेको ठानिएको छ । 'लोकप्रियतावादी' कदमहरूका – जस्तै, सन् २०१९ मा गरिएको ठूलो कर कटौती – कारण वार्षिक आम्दानी १.४ अर्ब डलर (१८३.५९ अर्ब रुपैयाँ) ले घटाएको थियो । अनि सन् २०२१ मा रासायनिक मलको आयातमा लगाइएको प्रतिबन्धले देशभित्र खाद्यसङ्कट निम्तियो ।

श्रीलङ्का सरकारलाई विज्ञहरूले कस्तो सुझाव दिएका छन् ?

खर्च कटौती गर्न श्रीलङ्काको सरकारले सरकारको स्वामित्वमा रहेका श्रीलङ्कन एअरलाइन्स, श्रीलङ्कन इन्सोरन्स कर्पोरेशन र श्रीलङ्का टेलिकमलाई निजीकरण गर्ने प्रस्ताव गरेको छ । यसविरुद्ध ट्रेड यूनियनहरूले प्रदर्शन गरिरहेका छन् । सिलोन ब्याङ्क इम्प्लोइज यूनियनका उपाध्यक्ष अनुप नन्दुला भन्छन्, 'सरकारले सुधारको बोझ आर्थिक सङ्कटबाट यसअघिदेखि नै प्रभावित बेतनधारी र मध्यम वर्गीय व्यक्तिहरूमा पार्नुहुँदैन ।'

नन्दुला र उनको यूनियन श्रीलङ्कन इन्सोरन्स कर्पोरेशनलाई निजीकरण गर्ने प्रस्तावविरुद्ध हालै भएका प्रदर्शनमा सहभागी भएका थिए। उनले निजीकरणले ठूलो सङ्ख्यामा रोजगारी कटौती गर्ने र गरिखाने वर्गलाई भार थप्ने बताए । अघिल्लो वर्षका हिंसात्मक प्रदर्शनपछि श्रीलङ्काका अधिकारीहरूले अश्रुग्यास, पानीको फोहरा र कुटपिटजस्ता बल प्रयोगका उपाय अपनाउने गरेको छ । तर विज्ञहरूले त्यस्तो रणनीतिले काम नगर्ने तर्क गर्दै आएका छन् । बल प्रयोग गर्नुको सट्टा सरकार पारदर्शी हुनुपर्ने र उसले अर्थतन्त्रलाई पुनः लयमा फर्काउन कठोर हुने कुरा बुझाउनुपर्ने संवैधानिक कानुनविद् एवं सेन्टर फर पोलसी अल्टरनेटिभ्सकी भवानी फोन्सेकाले बताइन् ।'मलाई लाग्छ उक्त सङ्कटयता मानिसहरू कठिन जीवनशैलीमा अभ्यस्त भएका छन् । तर सूचना नआउँदा, प्रश्नहरूको उत्तर नपाउँदा अनिश्चितता बढिरहेको छ र हामी पुनः सङ्कटको बिन्दुमा पुग्छौँ कि भन्ने भय व्याप्त छ ।'

# आँधीका कारण लाखौँ मानिस प्रभावित

**बिबिसी ।**
चीनको ग्वान्दोङ प्रान्तमा शक्तिशाली आँधीको प्रभावबाट जोगाउन करिब दुई लाख ३० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । यस वर्ष त्यहाँ आएको चौथो आँधी 'तलिम' उक्त प्रान्तको दक्षिणी तटमा करिब १४० किलोमिटर प्रतिघण्टाको गतिमा चलेको थियो ।

आँधीले तटीय क्षेत्रमा क्षति पु¥याएको छ भने हावाहुरी र वर्षाका कारण सयौँ हवाई तथा रेल सेवा रद्द भएका छन् । अब त्यो भियतनामको क्वाङ निन्ह प्रान्त र हाई फोङ सहरमा पुग्ने पूर्वानुमानपछि ती क्षेत्रका करिब ३० हजार मानिसलाई पनि सुरक्षित स्थानमा सारिएको जनाइएको छ ।

'तलिम' स्थानीय समयअनुसार करिब साढे दश बजे जमिनमा बज्रिएको चीनको मेटेरोलजिकल एड्मिनिस्ट्रेसनले जानकारी दिएको छ ।

मङ्गलवार बिहानसम्ममा उक्त आँधीको गति कम हुन सक्ने र बुधवार 'भियतनाम पुगेर कमजोर बन्दै अन्त्य हुनसक्ने' उक्त निकायले जनाएको छ ।

चीनको राज्य सञ्चालित सञ्चार माध्यमका अनुसार ग्वान्दोङमा उद्धार गरिएकामध्ये आठ हजारभन्दा बढी मानिसहरू माछा फार्मका कामदार हुन् । स्थानीय अधिकारीहरूले दर्जनौँ तटीय पर्यटकीय गन्तव्यहरू बन्द गर्न निर्देशन दिएका छन् ।

चीनको न्याश्नल मेटेरोलजिकल सेन्टरले उक्त आँधी दक्षिण चीन सागरको बेइबु खाडीमा सर्ने अनुमान गरेको छ र मङ्गलवार बिहान गुआङ्सी झुआङ स्वायत्त क्षेत्रको तटीय क्षेत्रमा दोस्रो पटक बज्रिन सक्ने जनाएको छ ।

दक्षिणी टापु प्रान्त हाइनानमा छ मिटरसम्मको छाल आउन सक्ने स्थानीय सामुद्रिक पूर्वानुमान केन्द्रले चेतावनी दिएको छ ।

चीनको सिनजिआङमा हालसम्मकै अधिक ५२.२ डिग्री सेल्सियस तापक्रम मापन गरिएको केही दिनपछि आँधी आएको यूके मेट अफिसले जनाएको छ ।

पछिल्लो समय संसारभरका विभिन्न देश फरक फरक प्राकृतिक विपत्तिको मारमा परेका छन्। हाल युरोप र अमेरिकाले अत्यधिक गर्मीको सामना गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घको मौसमसम्बन्धी मामिला हेर्ने निकायले युरोपमा गर्मी अगस्टसम्म जारी रहन सक्ने र विश्वव्यापी जलवायु परिवर्तनका कारण मौसमी अवस्था चरम बन्दै गएको उल्लेख गरेको छ । स्वस्थ मानिसहरूलाई पनि जोखिम पु¥याउन सक्ने तहमा उच्च तापक्रम बढ्न सक्ने भन्दै इटलीका पर्यटकीय सहरहरू रोम, फ्लोरेन्स र बोलोन्यामा सावधानी अपनाउन भनिएको छ ।

अमेरिकाको दक्षिण–पश्चिममा हिट डोम अर्थात् वायुमण्डललाई अधिक तातो समुद्री हावाले ढाकेका कारण दशौँ लाख मानिसहरूलाई अत्यधिक गर्मीको चेतावनी दिइएको छ ।

क्यालिफोर्नियाको डेथ भ्यालीमा आइतवार ५३.९ डिग्री सेल्सियस तापक्रम मापन गरिएको थियो । गत साता मानिसहरूले चिसोका लागि प्रयोग गर्ने वातानुकूलन उपकरण (एसी)को प्रयोगका कारण टेक्सस राज्यमा ऊर्जाको खपतमा कीर्तिमान बनेको थियो । त्यस्तै दक्षिण कोरियामा यसै साताको सुरुवातमा आएको बाढीका कारण कैयौँले ज्यान गुमाएका छन् भने केही बेपत्ता भएका छन् ।

त्यहाँ अत्यधिक वर्षाका कारण बाढी र पहिरोको गएको छ र विद्युत् कटौती भएको छ। दक्षिण कोरियाका सार्वजनिक सवारी सेवाहरू पनि प्रभावित भएका छन् । उत्तर अफ्रिका र जापानमा पनि उष्णलहर देखा परेको छ । गत जुलाईको पहिलो साता विश्वको सबैभन्दा गर्मी दिन भएको अमेरिकी मौसमविद्हरूले बताएका थिए ।

अमेरिकाका सरकारी वैज्ञानिकहरूले विश्वको औसत तापक्रम १७ डिग्री सेल्सियसभन्दा माथि पुगेको बताएका हुन् ।

उनीहरूले नयाँ कीर्तिमान १९ औँ शताब्दीको अन्त्यसम्मको कुनै पनि उपकरणमा अभिलेख गरिएको सबैभन्दा उच्च रहेको बताएका थिए । उक्त तापमानले यसअघि सन् २०१६ मा कायम भएको सर्वाधिक तापमानको कीर्तिमान तोडेको छ । चीन, उत्तर अफ्रिका र दक्षिण अमेरिकामा हालै चलेको गर्मीको लहरबाट अवस्था प्रभावित भएको छ ।

अनुसन्धाताहरूले जलवायु परिवर्तन प्राकृतिक जलवायु अवस्था एल निन्योको सुरुवातसँग सम्बन्धित भएको ठानिएको छ । कतिपयले उक्त जलवायु अवस्था र मानवजातिले निरन्तर गरिरहेको कार्बन डाइअक्साइड उत्सर्जनको संयोजनले तातो बढाएको बताएका छन् । इम्पेरियल कलेज लन्डनका एक वैज्ञानिक फ्रेड्रिक ओटोले भनिन्, 'अहिले हामी जे देखिरहेका छौं त्यो अझै पनि जीवाश्म इन्धन बालिरहने विश्वकै अवस्था हो ।' मानिस विश्वव्यापी तापक्रम वृद्धिको प्रवृत्तिभन्दा 'सत् प्रतिशत पछि' रहेको उनको भनाई छ ।

औद्योगिक क्रान्तिपछि मानव जातिले कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धनको प्रयोग थालेपछि विश्व १.१ डिग्री सेल्सियसले तातेको छ । डा ओटो भन्छिन्, 'हामीलाई नयाँ सामान्य अवस्था कस्तो हुन्छ भन्ने थाहा छैन किनकि अहिलेको जलवायु स्थिर छैन ।

विश्वले जीवाश्म इन्धनको प्रयोग बन्द गरेपछि र पूर्ण रूपमा हरित ऊर्जाको प्रयोग थालेपछि मात्र हामीले नयाँ जलवायु अवस्था कस्तो हुन्छ भनेर थाहा पाउन सक्छौँ ।'

# हरवाह–चरवाहको मुक्ति दिवसको अवसरमा उत्थानको विषयमा चर्चा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हरवाह–चरवाहको प्रथम मुक्ति दिवसको अबसरमा वक्ताहरुले हरवाह–चरवाहको उत्थानको विषयमा चर्चा गरेका छन् ।
मंगलबार कार्यक्रममा सम्वोधन गर्दै मधेश प्रदेशका कृषि मन्त्री गोविन्द वहादुर न्यौपानेले हरवाह–चरवाहको उत्थानका लागि कानूनी कड़ाइ र जनचेतना दूबै वढाउनु पर्ने बताए ।
हरवा–चरवा राष्ट्रिय अधिकार मञ्चका अध्यक्ष दशन मण्डलले कमैया र हलियाकै प्रकृतिको श्रम सम्बन्ध भएकाले हरवा–चरवाको




ऋण मिनाहा र मुक्तिको व्यवस्थापन गर्नुपर्ने माग गरे ।नाम मात्रको ज्यालामा काम गर्नुपर्ने र अन्य आयको बैकल्पिक बाटो नभएकाले जसबाट ऋण लिएको हो, उसैको जमिन जोत्नै पर्ने अवस्थाका कारण हरवाह–चरवाह थला पर्नुपरेको गुनासो गरे ।
मधेश प्रदेशमा चार पुस्ता पाँच पुस्ता देखि हरवाह चरवाह परम्परालाई कयौँ व्यक्तिले धाई रहेका छन ।विपन्न परिवारका रुपमा रहेका हरवाह–चरवाहको शैक्षिक स्तर एकदमै कमजोर रहेको छ तिननीहरुका बालबालिकालाई शिक्षातर्फ लगाउनुपर्छ उनीहरुको सुझाव थियो ।
हरवाह–चरवाहको उत्थानका लागि कार्य गर्दै आईरहेका सिआइसी धनुषाका अध्यक्ष संजय साहले विद्यालय बाहेकको समय व्युशन पढाउने जस्ता कार्य तिनीहरुको वालवालिकाका लागि गरिरहेको जानकारी दिए ।
समारोहमा निति आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी लगायतले बोलेका थिए ।

# मधेश सरकारद्वारा सवारी कर वृद्धि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले सवारी करमा वृद्धि गरेको छ ।सवारी साधनहरुको करमा गत बर्षमात्र वृद्धि गरेको सरकारले पुनः करमा वृद्धि गरेको हो ।
अब कार, जीप, भ्यान र माईक्रोबसको वार्षिक कर २२ हजार रुपैयाँदेखि ६० हजार रुपैयाँसम्म कर तोकिएको छ । जसमा १००० सिसिसम्म २२ हजार रुपैयाँ, १५०० सिसिसम्म २५ हजार, २००० सिसिसम्म २७ हजार, २५०० सिसिसम्म ३७ हजार, २९०० सिसिसम्म ५० हजार र २९०१ सिसिभन्दा माथिको सबैमा एकमुष्ठ ६० हजार रुपैयाँ कर तोकिएको हो ।
मोटरसाईकलको लागि १२५ सिसिसम्म रु. ३,०००, त्योभन्दामाथि देखि १६० सिसिसम्म ५,००० रुपैयाँ, २५० सिसिसम्म ६,५०० रुपैयाँ, ४०० सिसिसम्म ११,००० रुपैयाँ र सोभन्दा माथिको सिसिमा एकमुष्ठ २०,००० रुपैयाँ कर तोकिएको हो ।यो कर वार्षिक रुपमा लाग्ने कर भनिएको छ ।

# कमैया र मधेशका हरवाचरवा मुक्ति दिवस

> *तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले विसं २०७५ मा कमैयाहरुको पुनस्थापनाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरे पनि सोअनुसार काम हुन सकेको छैन ।‘सरकारले स्थानीय तहलाई जिम्मेवारी त हस्तान्तरण गर्यो तर त्यसयता पुनर्स्थापनाको काम ठप्प छ’, चौधरीले भने, ‘जसले गर्दा मुक्त कमैयाहरु जीवन निर्वाहका लागि फेरि जोखिमपूर्ण काम गर्न बाध्य छन् ।’*

**टिकाराम सुनार**
**जनकपुरधाम ।**
पश्चिम तराईका कमैया र मधेशका हरवाचरवा मुक्ति दिवस ।
आजैका दिन विसं २०५७ साउन २ गते पश्चिम तराईका कमैया र विसं २०७९ साउन २ गते मधेसका हरवाचरवा मुक्तिको घोषणा गरिएको थियो ।
तेइस वर्षअघि कमैया मुक्ति र एक वर्षअघि हरवाचरवा मुक्तिको घोषणा गरिए पनि कमैयाहरुले आफूहरुको पूर्णरूपमा पुनस्थापना हुन नपाएको र हरवाचरवाले पुनस्थापनाको काम सुरु नै नगरेको गुनासो गरिरहेका छन् ।कमैया प्रथा उन्मूलन आन्दोलनका अगुवा पशुपति चौधरीले २३ वर्ष बित्दा पनि कमैयाको पूर्ण पुनस्थापना हुन नसकेको बताउनुभयो ।उनले मुक्तिको घोषणा गर्ने पार्टी र गठबन्धन सरकारले पटकपटक न्यायोचित पुनस्थापनाका लागि कुरा गरेपनि अझै दुई हजार तीन



सय कमैयाले कष्टपूर्ण जीवनयापन गर्नु परिरहेको गुनासो गरे ।
‘सरकारले सबै कमैयाको पुनस्थापना गरिसकेको दाबी गर्छ तर अहिले पनि पश्चिम नेपालका पाँच जिल्लामा दुई हजार तीन सयभन्दा बढी परिवारको पुनस्थापना भएको छैन’, अगुवा चौधरीले भने ।उनका अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले विसं २०७५ मा कमैयाहरुको पुनस्थापनाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरे पनि सोअनुसार काम हुन सकेको छैन ।
‘सरकारले स्थानीय तहलाई जिम्मेवारी त हस्तान्तरण ग¥यो तर त्यसयता पुनस्थापनाको काम ठप्प छ’, चौधरीले भने, ‘जसले गर्दा मुक्त कमैयाहरु जीवन निर्वाहका लागि फेरि जोखिमपूर्ण काम गर्न बाध्य छन् ।’
नेपालमा कमैया मुक्तिपछि २०५८ फागुन ९ गते जारी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ अनुसार सबै बँधुवा मजदुर प्रथा र परम्परा निषेध छ तर न्यायोचित व्यवस्थापन हुन नसक्दा कमैया, कम्लहरी, हलिया र हरवाचरवाहरु पुनः सोही काम गर्न बाध्य रहेको जानकारहरु बताउँछन् ।
अधिकारकर्मी सञ्जय महराले सरकारले दास प्रथासँग जोडिएका कमैयासहित धेरै बँधुवा श्रम निषेध गर्नु सराहनीय भए पनि दीर्घकालीन र भरपर्दो जीविकोपार्जनको आधार तयार नगरिदिँदा फेरि समस्या बल्झिन थालेको बताए ।उनले पुनस्थापना गर्न बाँकी कमैया र हरवाचरवाको काम तत्काल सुरु गर्न सरकारसँग आग्रह गरे ।
तत्कालीन सरकारले वर्षौंसम्म जमिनदारको घरमा बँधुवा मजदुरका रूपमा काम गर्दै आएका पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ३२ हजार पाँच सय कमैयालाई मुक्त घोषणा गरेको थियो ।तत्कालीन अवस्थामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले विसं २०५७ र २०५९ मा तथ्याङ्क सङ्कलन गरी कमैयालाई ‘क’ देखि ‘घ’ सम्म चार वर्गमा विभाजन गरी परिचयपत्रसमेत प्रदान गरिसके पनि आफ्नो घरसमेत नभएका ‘क’ वर्गका १५ हजार पाँच ७० र ‘ख’ वर्गका १२ हजार गरी २७ हजार पाँच ७० परिवारलाई पुनस्थापना गर्नुपर्ने आवश्यकता औँल्याएको थियो ।
सोही अनुसार २७ हजार २१ मुक्त कमैया परिवारलाई जमिन तथा घर प्रदान गरेको सरकारी तथ्याङ्क छ ।
राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष एवं प्रवक्ता नरेश खड्काले कमैया मुक्त भएको धेरै लामो समयसम्म पुनस्थापनाको काम नहुँदा साहुबाट मुक्त भए पनि समस्याबाट भने मुक्त हुन नसकेको गुनासो आइरहेको बताए ।उनले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले आयोगको क्षेत्राधिकारभित्र रहेर निवेदन दिएमा केही हदसम्म समस्या समाधान गर्न सकिने जानकारी दिए ।‘हाम्रो क्षेत्राधिकारभित्र मुक्त कमैया, हलिया, हरवाचरवा नपरे पनि विभिन्न समयमा गठित अध्ययन कार्यदलले औँल्याएका समस्या र सिफारिसलाई समेत ध्यानमा राखेर प्रक्रियामा आएमा जोतभोग गरिरहेको जग्गाको लालपुर्जा दिन सकिन्छ’, प्रवक्ता खड्काले भने, ‘तर वर्षौंसम्म पुनस्थापना हुन नसक्दा उहाँहरु जीविकोपार्जनका लागि वैदेशिक रोजगारमा गएको र सूचना तथा ज्ञानको कमीले हाम्रो प्रक्रियामै नआएको र आएकाहरुको पनि उचित व्यवस्थापन हुनसकेको छैन ।’
उनले कतिपय ठाउँमा कागजमा जमिन पाए पनि जग्गा नपाएको भन्दै गुनासो आउने गरेकाले सरकारले उचित कार्यविधिमार्फत समस्या समाधान गर्नुपर्ने धारणा राखे ।मधेशका हरवाचरवालाई पनि मुक्त कमैयाजस्तै आफूहरुको समस्या पनि वर्षौं वर्षसम्म समाधान नहुने हो कि भन्ने चिन्ता छ ।
राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दर्शनलाल मण्डलले एक वर्षअघि मुक्तिको घोषणा गरिए पनि हालसम्म लगत सङ्कलन तथा पुनस्थापनाका कार्यक्रम अगाडि बढ्न नसकेको बताए ।उनले अधिकार मञ्चसँग भएको चारबुँदे सहमतिअनुसार तत्काल पुनस्थापनाका कार्यक्रम अगाडि बढाउन आग्रह गरे ।
अधिवक्ता तथा अधिकारकर्मी बालाराम भट्टराईले हरवाचरवा अझै बँधुवा श्रममा रहनु लोकतन्त्रको अपमान र संविधान विपरीतको कार्य भएकाले सरकारले न्यायोचित पुनस्थापनाका लागि प्रभावकारी कदम चाल्न आवश्यक रहेको बताए ।
सरकारले विसं २०५८ फागुन ९ गते कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी गरेपछि बँधुवा श्रमसँग जोडिएका सबै प्रथा अन्त्य भएको घोषणा गरिसकेको छ ।सोहीअनुसार तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले विसं २०६५ भदौ २१ गते हलियाहरुलाई पनि मुक्तिको घोषणा गरेको थियो ।तत्पश्चात् विसं २०७० श्रावण ३ गते कम्लहरीहरुलाई पनि मुक्तिको घोषणा गरिएको थियो ।
ऐनअनुसार बाध्यकारी श्रमबाट मुक्त भएकाहरुले ऋण तिर्नु नपर्ने, लिखत वा सम्झौता रद्द हुने, बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

# राजदेवी मन्दिरमा चोरी गर्ने थप एक चोर पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको रमदैया स्थित राजदेवी मन्दिरमा चोरी गर्ने मध्येको थप एक चोर पक्राउ परेको छ ।
पक्राउ पर्नेमा क्षीरेश्वरनाथ नगरपालीका वडा नं ६ कुचाई टोल बस्ने मो.नसिब रहेको छ ।
उनीमाथि राजदेवी माताको मन्दिरमा चोरीमा संलग्न, डाका, हातहतियार खरखजाना तथा संगठीत अपराध मुद्दामा अदालतमा चलिरहेको मुद्दामा फरार रहेका थिए ।गत फागुन १४ गते रमदैया स्थित राजदेवी मन्दिरमा राती १ बजेको समयमा मन्दिरका महत्वपुर्ण समाग्रीहरु चोरी गरि फरार भएका थिए ।
पक्राउ परेका नसिब माथि अनुसन्धान प्रक्रिया अगाडी बढाएको धनुषा प्रहरीले जनाएको छ ।

# धनुषामा एमालेले संगठन विस्तारसँगै प्रशिक्षण चलाउने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले धनुषा जिल्ला सचिवालय बैठक सम्पन्न भएको छ ।
केन्द्रीय सचिव तथा मधेश प्रदेशका इन्चार्ज योगेश भट्टराईको प्रमुख आतिथ्यतामा बसेको बैठकमा विभिन्न निर्णयसमेत गरिएको छ ।यस बैठकबाट जिल्लामा पार्टी संगठनको विस्तार, सुद्दढिकरण, प्रशिक्षणलगायतका सञ्चालन गर्ने निर्णय गर्दै कार्ययोजनासमेत निर्माण गरिएको जनाइएको छ ।यस बैठकमा जिल्ला इन्चार्ज लिलानाथ श्रेष्ठले जिल्लाले अवलम्बन गर्नुपर्ने कार्यतालिकासहितको कार्ययोजना प्रस्तुत गरेका थिए ।

# कमला नगरपालिकाको वृद्धभत्ता वडा कार्यालयमै वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कमला नगरपालिकामा समाजिक सुरक्षा भत्ता मँगलबारदेखि वितरण सुरु भएको छ ।
कमला नगरपालिकाले वृद्धवृद्धाहरुको समाजिक सुरक्षा भत्ता सम्बन्धित वडा कार्यालयमै गरेको जनाइएको छ ।कमला नगरपालिका पँजीकरण शाखाका प्रमुख अभाष यादवका अनुसार साउन २, ३ र ४ गते वडा नं. १ को भत्ता वितरण हुनेछ ।यस्तै, वडा नं. २ को साउन ५,७ र ८ गते वडा कार्यालयमै हुने भएको छ । वृद्धवृद्धाहरुलाई बैँकमा सास्ती भोग्नुपरेको जनगुनासो बढेपछि साघारा बैँकमा जानुपर्ने बाध्यता अन्त्य गर्दै नगर प्रमुख विशेश्वर यादवको विशेष पहलमा अब वडामै समाजिक सुरक्षा भत्ता वितरण हुने भएको छ ।जस अनुसार वडा नं. ३ को साउन ९,१० र ११ गते, वडा नं. ४ को १२, १४ र १५ गते, वडा नं. ५ मा साउन १६,१७ र १८ गते, वडा नं. ६ को १९,२१ र २२ गते वितरण हुनेछ ।यस्तै, वडा नं. ७ को साउन २३,२४ र २५ गते हुनेछ भने वडा नं. ८ को २६,२८ र २९ गते हुनेछ । वडा नं. ९ को भने साउन ३०,३१ र ३२ गते वितरण हुनेछ ।
मेयर यादवका अनुसार, एनआईसी बैँकको साघारा शाखासँग पटक पटक पहलकदमी र सुरक्षाको जिम्मा लिएपछि बैँक तयार भएको हो ।बैँकसँग विगत बर्षदेखि नै प्रयास गरेपनि सुरक्षा चुनौति देखाउँदै तयार नभएको अवस्थामा सुरक्षा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिएपछि अब वडास्तरमै भत्ता वितरण हुने भएको छ ।
उनका अनुसार, प्रत्येक वडा कार्यालयमै समाजिक सुरक्षा भत्ता वितरण हुनेछ ।जसको लागि प्रहरी समेत परिचालन गरिनेछ ।सो क्रममा अपाँग, फरक क्षमता भएका व्यक्ति, अति वृद्ध, अशक्तलाई विशेष प्राथमिकतामा राखेर वितरण हुने बताए ।



# महानगरको नाममा अभिभावकसँग रकम असुल्ने भारतीय पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको नाम लिएर छात्रवृत्ति दिलाइदिने भन्दै ठगी गर्ने भारतीयलाई वीरगंज महानगरपालिकाले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएको छ ।

नगर प्रमुख राजेशमान सिंहले वीरगंज महानगरपालिका वडा नम्बर ६ स्थित मोदी इन्स्टिच्युट एन्ड ट्रेनिङ सेन्टरका सञ्चालक राहुल कुमार मोदीलाई छात्रवृत्तिका नाममा विद्यार्थीलाई ठगी गरेको सप्रमाणसहित प्रहरीलाई जिम्मा लगाएका हुन् । मोदीले वीरगंज महानगरपालिकाको सिफारिसमा छात्रवृत्ति दिलाइदिने भन्दै विद्यार्थीसँग पैसा माग गरेको अडियो प्रमाण फेला पारेसँगै उनलाई नगर प्रमुख सिंहले सोधपुछ गरेका थिए । त्यसक्रममा चित्तबुझ्दो जवाफ नदिएपछि उनलाई जिल्ला प्रहरी कार्यालय पर्साको जिम्मा लगाइएको नगर प्रमुख सिंहले बताए ।

इन्स्टिच्युटका सञ्चालक मोदीले एसइइ उत्तीर्ण विद्यार्थीका लागि वीरगंज महानगरपालिकाले कक्षा ११ र १२ मा अध्ययनका लागि उपलब्ध गराउँदै आएको छात्रवृत्तिको परीक्षामा पास गराइदिने प्रलोभन देखाएर एक लाख रुपैयाँ मागेका थिए । छात्रवृत्तिका लागि महानगरको शैक्षिक प्रशासन महाशाखालाई ५० हजार, विद्यार्थीले रोजेको विद्यालयलाई ३० हजार र आफूले २० हजार लिने गरी प्रत्येक विद्यार्थीसँग एक लाख रुपैयाँ मागेको अडिओ रेकर्ड सार्वजनिक भएपछि मेयर सिंहले मंगलबार बिहान मोदीलाई महानगरपालिकामा बोलाएका थिए ।

विद्यार्थी ठगी गरेको आरोपमा आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाइएको नगर प्रमुखको सचिवालयले जनाएको छ । यसैगरी, वीरगंज महानगरपालिका वडा नम्बर ६ रहेको मोदी इन्स्टिच्युट एन्ड ट्रेनिङ सेन्टर अवैध रुपमा सञ्चालनमा रहेको भन्दै वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाको टोलीले शिलबन्दी गरेको छ । इन्स्टिच्युट मोदीले रौतहट, गौरकी पुजा पटेलका नाममा दर्ता गरेको चलाएको पाइएको छ । मोदी भारतीय नागरिक हुन् र आठ वर्षदेखि इन्स्टिच्युट सञ्चालन गरेर ठगी गरेको पाइएको छ ।

# हरिखेतान क्याम्पसको संरचनामा दोहोर्याएर डोजर लगाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित हरिखेतान क्याम्पसले सार्वजनिक नालामाथि निर्माण गरेको संरचनामा वीरगंज महानगरपालिकाले दोहो¥याएर डोजर चलाएको छ । वर्षौंदेखि क्याम्पसले नालामाथि पक्की संरचना बनाएर क्याम्पस सञ्चालन गर्दै आइरहेको थियो । पटकपटकको आग्रहपश्चात् पनि क्याम्पस प्रशासनले संरचना नहटाएपछि बाध्य भएर वीरगंजका मेयर राजेशमान सिंह गतसाता आफै डोजर लिएर क्याम्पस पुगेका थिए । त्यसदिन थोरै संरचना भत्काएर बाँकी रहेको र आफैँ हटाउन क्याम्पसलाई निर्देशन दिइए पनि पुनः अटेर गरेपछि मंगलबार दोस्रो चरणमा डोजर चलाइएको बुझिएको छ ।

## क्लासिक होटलको संरचनामा पनि डोजर चल्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले मुख्य नालामाथि बनेका क्याम्पस, होटलमाथि डोजर चलाउने अभियान तीव्र पारेको छ ।

वीरगंजको आदर्शनगरस्थित क्लासिक होटलको संरचनाको मुख्य नालामाथि निर्माण हुँदा नाला सफाइमा अवरोध भएकाले निर्माण गरिएका संरचना हटाउन महानगरले डोजर प्रयोग गरेको छ । नालामाथि बनेको संरचना हटाउन पटकपटक सूचना जारी गर्दा होटल भएको घरधनीले अटेर गरेर नहटाएपछि मंगलबार महानगरको टोली आफैँले डोजर लगाएर हटाउन सुरु गरेको हो । महानगरले नालामाथि बनेको हरिखेतानको बाँकी संचरना हटाएर क्लासिक होटलको संरचना हटाउन सुरु गरेको हो । नालामाथि बनेको हरिखेतानको संरचना गएको असार २५ गते डोजर लगाएर हटाइएको थियो । क्लासिक होटल नालामाथि नै रहेकाले त्यसलाई हटाउन मंगलबारबाट डोजर चलाइएको महानगरका प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए । क्लासिक होटलको सामुन्ने रहेको कर्पोरेट डेभलपमेन्ट बैंक रहेको भवन हटाउन पनि पहिले नै सूचना दिइएको तर बैंक भएको घरधनीले अटेर गरी नहटाएकाले डोजर लगाएर हटाइने उनले बताए ।

महानगरले अहिले मुख्य नाला सफाइलाई तीव्रता दिएको छ । जिल्ला हुलाक कार्यालयदेखि मुख्य नाला सफाइ गर्दै आएको महानगरले नाला अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउँदै सफाइलाई निरन्तरता दिएको हो ।

क्लासिक होटलको उत्तरतर्फ र कर्पोरेट बैंकको दक्षिणतर्फ रहेको मुख्य नाला पूर्ण रुपमा सफाइ हुँदा पनि ती दुवै भवन नहट्दा मुख्य नाला सफाइमा अवरोध पुगेको छ ।

वीरगंजमा मुख्य सडकको नाला र श्रीपुर क्षेत्रबाट आउने अर्को नाला जोडिएर बनेको मुख्य नाला जिल्ला प्रशासन कार्यालय पर्साको छेउ हुँदै दक्षिणतिर बगेको छ । गीता मन्दिरदेखि आदर्शनगर हरिखेतान क्याम्पस सम्मको क्षेत्रमा मुख्य नालाको दुवैतर्फ अतिक्रमण गरेर संरचना बनेका छन् । वर्षौंदेखि मुख्य नाला सफाइ नहुँदा वीरगंज वर्षातका समयमा डुबानमा पर्दै आएको छ । यसपटक मुख्य नाला पूर्ण रुपमा सफाइ गर्न महानगरले सबै उपाय अवलम्बन गरेको छ ।

# जनकपुरधाममा इरिक्सा आतंक भाडादरमा मनलाग्दी

**प्रिया कर्ण**
**जनकपुरधाम ।**
राम्रो आम्दानी र सहज सञ्चालन गर्न सकिने हुँदा मधेश प्रदेशको राजधानी जनकपुरधाममा इरिक्सा किनेर चलाउने होडबाजी नै चलेको छ । तर जनकपुरधाममा इरिक्साका कारण सर्वसाधारणले सुविधा पाएका छैनन् बरु समस्या भोगेका छन् ।

एकै परिवारका एक भन्दा बढी सदस्य इरिक्सा किनेर आम्दानी गरिरहेका छन् । तर, अत्यधिक संख्यामा इरिक्सा सञ्चालनमा आएपछि बजार अस्तव्यस्त बनेको छ ।

ट्राफिक व्यवस्थापनमा चुनौति बढेको छ र यात्रुले पनि सास्ती भोगेका छन् । सरकारी नीति र प्रष्ट निर्देशिका बन्न नसक्दा सवारी साधन सबैको टाउको दुखाइ बनेको हो । सुरुमा ५० वटा मात्रै दर्ता गरिएको भए पनि अहिले जनकपुरधाम उपमहानगरपालिकामा ६ सय ४२ इरिक्सा दर्ता छन् । दर्ता भन्दा बढी विनादर्ताको सञ्चालन गर्ने पनि कम छैनन् ।

जनकपुरधाम उपमहानगरपालिकाले दर्ता गरेको भए पनि यातायाता व्यवस्था कार्यालयले रुट परमिट दिने गरेको छ । तर, रुट परमिटका आधारमा कुनै पनि इरिक्सा सञ्चालनमा छैन । निकै पुरानो र थोत्रो भइसक्दासमेत सञ्चालनमा रहेकाले सर्वसाधारणलाई सवारी सञ्चालनमा समेत समस्या आउने गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले समेत इरिक्साका कारण ट्राफिक व्यवस्थापन चुनौति बढेको महसुस गरेको छ । इरिक्सा चालक दक्ष नरहेकाले पनि समस्या भएको हो । जनकपुरधाम उपमहानगरपालिकाले सुरुदेखि नै इरिक्सालाई विना कुनै योजना दर्ता गरेकाले यतिखेर समस्या बनेको हो ।

एक त जनकपुरको सडक लामो समयदेखि मर्मतको प्रतीक्षामा छ । अर्कातर्फ उपमहानगरपालिकाको विनायोजना दर्ताका कारण त्यही सडक इरिक्साले ढाकेका छन् । इरिक्सा चालकको भनाइअनुसार तीनवाट विद्युत् खर्चमा अटो रिक्साको ब्याट्री चार्ज हुन्छ । ब्याट्री चार्ज भएपछि करिब ८० किलोमिटरसम्म इरिक्सा चलाउन सकिन्छ । इरिक्साको प्रयोग बढ्न थालेपछि लामो समयदेखि पारम्परिक रिक्सा चलाउँदै आएकाहरु पनि यतै आकर्षित भए ।

अर्कातर्फ जनकपुरधाममा इरिक्साको भाडादर निर्धारण हुन नसक्दा सेवाग्राही दिनहुँ ठगिएका छन् । रिक्साको भाडादर निर्धारण नहुँदा सेवाग्राही उनीहरुले भने जति भाडा तिर्न बाध्य छन् । खुद्रा पैसा नहुँदा त झन समस्या पर्ने गरेको छ । चानचुन पैसा छैन भन्दै फिर्ता नदिने बानी नै छ । छोटो दूरीका यात्रामा पनि इरिक्सा चालकले बढी भाडा असुल गरिरहेको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–४ का रोहित झाको गुनासो छ । उनले सर्वसाधारण तथा पर्यटकलाई आफ्नो गन्तव्यसम्म पुग्न हतार भइरहेका बेला इरिक्सा चालकले मौकाको फाइदा उठाउँदै मनोमानी तरिकाले भाडा असुल गरिहरेको आरोप लगाए ।

रेट निर्धारण नभएकाले इरिक्सा चालकले सर्वसाधारणलाई ठगिरहेको जनकपुरधाम–१०, देवीचोकका सुशील कर्णको पनि गुनासो छ । जनकपुरधामभन्दा बाहिर वा भारतबाट आउने पर्यटकलाई इरिक्साको दररेटबारे जानकारी नहुँदा उनीहरुसँग दोब्बर भाडा असुल्ने गरेको उनको भनाइ छ । उनले जनकपुरधाम उपमहानगरपालिकाले नगरभर खचाखच भरिएको इरिक्साको व्यवस्थापनतर्फ ध्यान नदिँदा नगरको सौन्दयर्तामा समेत ह्रास आइरहेको जिकिर गरे ।

उनले भने, ‘इरिक्साका कारण एकातर्फ बजारको रौनक समाप्त हुँदै गइरहेको छ भने अर्कातर्फ मनोमानी भाडाका कारण पर्यटक र सर्वसाधारण आजित भएका छन् । यसतर्फ उपमहानगरले चाँडै ध्यान पु¥याउनु पर्दछ ।’ तर, अहिलेसम्म यसको व्यवस्थापनका विषयमा सरोकरवाला निकाय मौन देखिएका छन् ।

## एक्सनमा उपमहानगरपालिका

इरिक्सा चालकहरुको मनोमानी नियमन गर्न जनकपुरधाम उपमहानगरपालिकाले ऐन नै पारित गरेको छ । गत आर्थिक वर्षमा नै विद्युतीय रिक्सा दर्ता, अनुमति तथा नियमन कार्यविधि बनाएर चालु आर्थिक वर्षको साउन महिनादेखि कार्यान्वयनमा ल्याउने तयारी छ ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहका अनुसार जनकपुरधाममा आवश्यकता भन्दा बढी इरिक्सा भएको र नगरवासीसँग मनोमानी भाडा असुल गरिरहेको स्वीकार गर्दै साउनदेखि विधेयक कार्यान्वयनमा ल्याएर मनपरी अन्त्य गर्ने बताए ।

विधेयक राजपत्रमा प्रकाशन भइसकेको र आवश्यक कागजात कार्यालयमा आउन बाँकी रहेकाले विधेयक कार्यान्वयनमा ढिलाइ भएको बताउदै साउन महिनाको दोस्रो हप्तासम्ममा नगरभर इरिक्सा रुट परमिट अनुसारनै चल्ने व्यवस्था गरिने बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रवक्ता परमेश झाका अनुसार, यसका लागि कार्यपालिकामा छुटै इकाई खडा गरी दुईजना कर्मचारी पनि नियुक्ति गरिनेछ । साउनदेखि कार्यान्वयनमा आउन लागेको विधेयकमा इरिक्साको रुट परमिट, भाडा दर निर्धारणका साथै नगर बाहिर दर्ता रहेका इरिक्सा नगरको सीमारेखाको एक किलोमिटर भित्र आउनसक्ने र बिरामी ल्याएको इरिक्सा अस्पतालसम्म जानसक्ने अनुमति मात्र पाउने विधेयकमा व्यवस्था छ । जनकपुरधाम उपमहानगरपालिकामा इरिक्सा चलाउन पाउनेको संख्या पनि निर्धारण गरिएको र आवश्यकता भन्दा बढी इरिक्सा चलाउन नपाइनेलगायतको व्यवस्था विधेयकमा गरिएको झाले बताए ।



# गेरुकामा मलमास मेला

# नेपाल र भारतका हजारौँ भक्तजनको घुइँचो



**त्रेतायुगमा माता सीताले पुरुषोत्तम महिनामा यही गेरुका नदीमा स्नान गरेको लोकाक्ति रहेको छ । गेरुकामा ३३ करोड देवताको बास रहने विस्वास छ ।**

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
मलमास मेलाका अवसरमा महोत्तरीको लोहारपट्टी वडा नम्बर ४ खुट्टा पिपराढीस्थित गेरुकाधाममा मंगलबार नेपाल र भारतका हजारौँ भक्तजनले पहिलो स्नान गरेका छन् ।

जानकी मन्दिरका महन्त श्रीराम तपेश्वरदास वैष्णवको नेतृत्वमा सैयौँ सन्त तथा भक्तजन किशोरीजीको डोला लिएर गेरुकाधाम पुगेका थिए । प्रदेश सांसद दीपेन्द्र ठाकुरले महन्त राम तपेश्वरदास वैष्णवलगायत सबै आगन्तुकलाई वस्त्र, माला लगाएर स्वागत गरेका थिए । तपनपुरमा डोलीसहित स्वागत गरिएको थियो ।

गेरुकाधाममा लोहारपट्टी वडा ४ का वडा अध्यक्ष श्याम यादवको नेतृत्वमा स्वागत भएको थियो । शाही स्नानमा जानकी मन्दिरका महन्त वैष्णव, उत्तराधिकारी महन्त रामरोशन दास, विधायक रामशिष यादव, जनकपुरधामका मेयर मनोजकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्ष अम्बुप्रसाद साह, विश्व हिन्दू परिषद्का धनुषा अध्यक्ष सन्तोष कुमार साह, सुरेश शर्मा, प्रभुदयाल जालान, जीवनाथ चौधरी, मनोहर शाहलगायत ठूलो संख्यामा साधु तथा भक्तजनको सहभागिता थियो ।

त्रेतायुगमा माता सीताले पुरुषोत्तम महिनामा यही गेरुका नदीमा नुहाभएको किंवदन्ती छ । गेरुकामा ३३ करोड देवताको बास रहने विस्वास छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन